# परिच्छेद एक : परिचय

## १. १. अध्ययनको पृष्ठभूमि

परापूर्व कालदेखि नै मान्छेहरूले आफूले जानेका ज्ञान, सीप र अनुभवलाई कुनै न कुनै रूपमा पछिल्लो पुस्तामा हस्तान्तरण गर्ने भरपर्दो उपायको खोजी गर्दै आएको पाइन्छ । त्यसै समयदेखि नै ज्ञानको हस्तान्तरण गर्ने उपयुक्त स्थान वा थलो तय गरेर संगठित एवम् संस्थागत ढङ्गबाट आफूले जानेका ज्ञान, सीप र अनुभवहरू हस्तान्तरण गर्ने प्रयास हुँदै आएको पाइन्छ । गुरुकुल शिक्षा, पाटी पौवामा शिक्षा, मन्दिरमा प्रवचन, घरमा पुराण आदिका माध्यमबाट अनुभव हस्तान्तरण गर्दै संगठित र व्यवस्थित ज्ञानको हस्तान्तरण खोजी गर्ने क्रममा विद्यालयहरू शिक्षा प्राप्त गर्ने औपचारिक स्थान वा थलाका रूपमा विकसित भएका हुन् ।

शिक्षा प्रदान गर्ने, ज्ञान, सीप तथा अनुभवहरू हस्तान्तरण गर्ने अभ्यासकै क्रममा विस्तारै शिक्षालाई जन्मसिद्ध अधिकार, सिकाइको छनोट गर्न पाउने अधिकार वा स्वतन्त्रता आदि जस्ता प्रगतिवादी दृष्टिकोणले विस्तारै प्रभाव पार्न थाल्यो । जोन डिवे जस्ता विद्वानहरूका विकासको प्रक्रिया नै शिक्षा, सामाजिक विकासका लागि शिक्षा, बालविकासका लागि शिक्षा आदि जस्ता धारणाहरूले शैक्षिक प्रक्रियामा प्रशस्त प्रभाव पारेको पाइन्छ । उनीहरूले विद्यालयलाई लघुसमाज, व्यक्तित्व निर्माण गर्ने संस्था, सिकाइ उपलब्धि आपूर्ति गर्ने स्थान, सामाजिक प्रयोगशाला, महत्वपूर्ण सामाजिक संस्था आदिका रूपमा परिभाषित गरे । यस्ता विचारहरूको प्रभावबाट विद्यालयहरू संगठित र व्यवस्थित बनाएर प्रभावकारी एवम् कुशल ढङ्गबाट सञ्चालन गर्नुपर्ने आवश्यकता बढ्दै गयो । जसबाट विद्यालय व्यवस्थापन एक आवश्यक कार्यका रूपमा विकसित भयो ।

व्यवस्थापनका मूल सिद्धान्तले शैक्षिक व्यवस्थापनलाई प्रभाव पारेको हुन्छ । व्यवस्थापन सम्बन्धी आधुनिक सिद्धान्त तथा विचारहरूको विकासको इतिहास छोटो भए तापनि मानव सभ्यताको विकास सँगसँगै यसको महत्व अनुभव गरेर समय सापेक्ष प्रयोग हुँदै आएको पाइन्छ । वास्तवमा जीवनका आवश्यकताहरूको प्रबन्ध गर्नु र समूहका सदस्यहरूको प्रयासलाई समन्वय गर्नका लागि नेतृत्व प्रदान गर्नमा व्यवस्थापनको आवश्यकता महसुस गरियो । व्यवस्थापनका सर्वमान्य सिद्धान्तहरूको प्रयोग प्राचीन मिश्र

तथा रोमन अभिलेखमा पनि पाइन्छन् । धार्मिक ग्रन्थ र विचारकहरूका पुस्तकमा पनि व्यवस्थापन सम्बन्धी दृष्टिकोणहरू उल्लेख भएको पाइन्छ । १८ औँ शताब्दीमा युरोपको औद्योगिक क्रान्तिपछि व्यावसायिक क्षेत्रमा मेसिनको प्रयोग र आर्थिक वृद्धिको चुनौतीले गर्दा नयाँ मागहरूसँग अघि बढ्नका लागि व्यवस्थापकीय क्षमताको अभाव महसुस भएपछि विभिन्न विद्वान्हरूले आआफ्नै विचार र अनुभवहरूमार्फत चुनौतीहरूको सामना गर्ने प्रयास गरेको पाइन्छ । यद्यपि व्यवस्थापन एक सुव्यवस्थित अध्ययनका क्षेत्रका रूपमा भने २० औँ शताब्दीको प्रारम्भदेखि मात्र विकसित हुँदै आएको पाइन्छ । एफ.डब्लु. टायलर, हेनरी फायोल, म्याम्स बेवर आदि जस्ता अगुवा सिद्धान्तकारहरूले व्यवस्थापनलाई निश्चित सिद्धान्तका रूपमा अघि सारे । अवलोकन, मूल्याङ्कन, प्रायोगीकरण र निचोड जस्ता तत्वहरू सहित व्यवस्थापकीय समस्यालाई वैज्ञानिक ढङ्गले समाधान गर्नुपर्ने भन्ने विचार टायलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (१८५६-१९१५) मा थियो । संगठनको संरचना, कार्य अधिकार एवम् शक्तिको सुव्यस्थित विभाजन हुनुपर्ने विचार म्याक्स (१८६४-१९२०) ले कर्मचारी व्यवस्थापन सिद्धान्त मार्फत अघि सारे । हेनरी फायोल (१९१६) ले प्रशासकीय व्यवस्थापन सिद्धान्त मार्फत व्यवस्थापनका क्षेत्रमा कार्यगत दृष्टिकोण अघि सारेको पाइन्छ ।

इल्टन मावो (१८८०-१९४९), एम.सी.ग्रेगर, मेरी पार्कर फोलेट, अब्राहम मास्लो आदिले १९३० को दसकमा व्यवस्थापन तथा संगठनमा मानव सम्बन्धको महत्वलाई स्वीकार गर्दै व्यवहारात्मक विज्ञानको धारणा अन्तर्गत मनोवैज्ञानिक दृष्टिकोण अघि सारे । चेस्टर बर्नाड, हर्वट साइमन आदि जस्ता विद्वान्हरूले अनेक विकल्पबाट विवेकपूर्ण छनोटद्वारा निर्णय गर्नु, व्यवस्थापनमा सूचना प्रणाली तथा निर्णय प्रक्रिया विधि र स्वरूप समावेश जस्ता विचारहरू राख्दै निर्णय सिद्धान्त विचारधारा विकसित गरे । सन् १९६० पछि कास्ट, मार्टिन, केनेथ, जोन्सन आदि विद्वान्हरूले व्यवस्थापनका हरेक सहायक प्रणालीहरू मिलेर समग्र प्रणाली बन्दछ भन्ने प्रणाली सिद्धान्त विचारधारा अगाडि सारेका थिए । सन् १९७० पछि No one best way to do things भन्ने मूल मान्यताका साथ व्यवस्थापनमा परिस्थितिमूलक दृष्टिकोण विकसित भयो । यसमा यदि तब सांयोगिक व्यवस्थापन धारणा समेत विकसित भयो (केसी, २०६३) ।

व्यवस्थापनका आधुनिक सिद्धान्तहरूमा गणितीय विधि, अनुसन्धान दृष्टिकोण, परिमाणात्मक विचारधारा पनि विकसित हुँदै आए । व्यवस्थापकीय समस्या समाधानका लागि निर्णय सिद्धान्त, प्रयोगात्मक ढाँचा, गेम सिद्धान्त, सूचना सिद्धान्त, लिनियर प्रोग्रामिङ,

कार्यक्रम मूल्याङ्कन विधि (Pert), योजना कार्यक्रम बजेट पद्धति, सम्पूर्ण गुणस्तरीय व्यवस्थापन (TQM), समूह व्यवस्थापन (TM) आदि नयाँ नयाँ र उपयोगी ढाँचा एवम् सिद्धान्तहरू प्रयोग हुँदै आएको पाइन्छ (केसी, २०६३) ।

व्यवस्थापनको परिभाषा गर्ने क्रममा हेनरी फायोलले व्यवस्थापनको अर्थ पूर्वानुमान गर्नु तथा योजना बनाउनु, संगठित गर्नु, आदेश दिनु, समन्वय तथा नियन्त्रण गर्नु हो भनेका छन् । चार्ल्स रिहोल्डले कुनै समुदायद्वारा काम गराउने प्रक्रिया नै व्यवस्थापन हो भनेका छन् । थियो हाइम्यानले व्यवस्थापनलाई संज्ञा प्रक्रिया र विषयका रूपमा परिभाषित गर्न खोजेका छन् । यस प्रकार व्यवस्थापनलाई समयसापेक्ष परिभाषित गर्दै विकसित गर्दै आएको पाइन्छ ।

शैक्षिक व्यवस्थापनको विकास क्रमलाई हेर्दा शिक्षा प्रदान गर्ने पद्धतिसँगै कुटीमा, घरमा, मन्दिरमा, पाटीपौवा तथा सत्तल आदिमा शिक्षणप्रक्रिया सञ्चालन भएका समयमा शैक्षिक व्यवस्थापनको खासै महत्व थिएन । शिक्षाको प्रभाव र जटिलता सँगसँगै विद्यालय शिक्षा पद्धतिको सुरुवात भएपछि शैक्षिक व्यवस्थापनको प्रारम्भिक चेष्टा भएको पाइन्छ । समयानुकूल शैक्षिक व्यवस्थापनमा जटिलता र चुनौतीहरू थपिँदै जाँदा गुणात्मक शिक्षण सिकाइका लागि विद्यालय व्यवस्थापनतर्फ पनि ध्यान दिनुपर्ने आवश्यकता बढ्दै जाँदा विद्यालय व्यवस्थापनको छुट्टै एकाइका रूपमा विद्यालय व्यवस्थापन समिति (SMC) स्थापित भएको पाइन्छ । शैक्षिक व्यवस्थापन २० औं शताब्दीमा आएर मात्र छुट्टै विधाका रूपमा विकसित भयो । व्यवस्थापनका मूल सिद्धान्तले शैक्षिक व्यवस्थापनलाई प्रभाव पार्दै मार्गदर्शन समेत गरेको पाइन्छ । बाबिटले १९१३ मा शिक्षकको कार्यदक्षता बढाउन विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने परिपाटीका साथै शैक्षिक संस्थाको संरचनात्मक ढाँचालाई व्यवस्थापनको सिद्धान्त र विद्यालय प्रणालीमा यसको प्रयोग मार्फत आफ्नो औपचारिक धारणा अघि सारेका थिए । शैक्षिक व्यवस्थापनका नवीनतम धारणाहरू विकसित हुने क्रममा National Conference of Professional of Educational Administration (NCPEA) ले शैक्षिक व्यवस्थापनमा विकेन्द्रित रूप विकास गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । Co-Operative Programme in Educational Administration (EPEA) ले शिक्षा व्यवस्थापन र विकासमा जोड दिँदै विकेन्द्रिकरण गर्ने र सहभागितामूलक ढङ्गबाट सञ्चालन गर्नुपर्ने तर्क अघि सारेको पाइन्छ । University Council for Educational Administration (1954) ले शैक्षिक व्यवस्थापनमा अनुसन्धानका लागि उत्प्रेरित गर्नुपर्ने, शैक्षिक सामग्रीको विकास हुनुपर्ने र

विविध शिक्षण विधिमा जोड दिनुपर्ने विचार अघि सारको पाइन्छ । American Association of School Administration (1955) ले शिक्षण व्यवस्थापन, विद्यालय व्यवस्थापन र शैक्षिक अनुसन्धानलाई जोड दिएको पाइन्छ (थापा, २०६५) ।

शैक्षिक व्यवस्थापनलाई परिभाषित गर्दै Burton and Brueckner ले शैक्षिक व्यवस्थापन बालकको बुद्धि र विकासलाई प्रभाव पार्ने सम्पूर्ण तत्वहरूको अध्ययन र सुधार गर्ने मुख्य लक्ष्य भएको एउटा प्राविधिक सेवा हो भनेका छन् । यसै गरी Encyclopedia of Educational Research का अनुसार शैक्षिक व्यवस्थापन (प्रशासन) भनेको कार्यकर्ताहरूको प्रयासमा सामञ्जस्यता स्थापित गर्ने र उपयुक्त सामग्रीहरूलाई मानवीय गुणको विकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो जसले केटाकेटी तथा युवाको विकासमा मात्र नभई वयस्क र विशेष गरी विद्यालयका कार्यकर्ताहरूको विकासमा चासो राख्दछ ।

समयानुकूल शैक्षिक व्यवस्थापन प्रक्रियामा विकास हुँदै आएर यसको अध्ययनको क्षेत्रमा पनि समाजको अन्य क्षेत्रको विकास सँगसँगै विकास हुँदै आएको छ । नवीनतम ज्ञान, सीप र प्रविधिलाई आत्मसात् गरेर विद्यालय व्यवस्थापन परिष्कृत गर्नुपर्ने, समस्या जति छ त्योभन्दा प्रमुख मुद्दाका रूपमा शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाएर समाज उपयोग बनाउँदै विश्वव्यापी शिक्षासँगै स्थानीयकरण गरी शिक्षाको व्यवस्थापन गर्नुपर्ने चुनौती अर्कातिर रहेको छ । यस सन्दर्भमा शिक्षाक्षेत्रमा भएको कार्यविशिष्टताका कारण एउटै व्यक्ति वा संस्थाले मात्र सबै कार्य पूरा गर्न नसक्ने हुँदा शैक्षिक व्यवस्थापन बढी जटिल र संवेदनशील बन्दै गएको पाइन्छ । यसैले शैक्षिक व्यवस्थापनलाई अलग्गै क्षेत्रका रूपमा विकसित गरेर सही मार्गदर्शन गर्न आवश्यक भैसकेको छ (थापा, २०६५) ।

नेपालमा विद्यालय व्यवस्थापनमा प्रभावकारिता ल्याउनका लागि विभिन्न प्रयासहरू हुँदै आएका छन् । २००७ सालअगाडि शैक्षिक संस्थाहरू विकसित थिएनन् । २००७ देखि २०१७ सालसम्ममा प्रशस्त विद्यालयहरू खुले तापनि व्यवस्थापन प्रक्रियामा खासै उन्नति भएन । २०२८ सालसम्म विद्यालय व्यवस्थापन समुदायकै जिम्मामा थियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ लागू भएपछि शिक्षा क्षेत्र केही व्यवस्थित बनाउने प्रयास भयो र विद्यालय व्यवस्थापनमा केही सुधारहरू भए । त्यसले विद्यालय स्रोतको स्पष्ट निर्धारण गरेकाले केही समयसम्म समुदायले विद्यालय व्यवस्थापनमा विश्राम गर्ने मौका पायो । २०४० सालमा शाही उच्च शिक्षा आयोगले उच्च शिक्षाको आधार मानेर माध्यमिक शिक्षाको गुणस्तर सुधारका लागि भौतिक स्रोत र साधन जुटाएर सरकारी अनुदान बढाउँदै

सामुदायिकतातर्फ उन्मुख गराउने सुझाव दिएको थियो । राष्ट्रिय शिक्षा आयोग, २०४९ ले व्यवस्थापनमा सुदृढीकरण र विस्तारका लागि राष्ट्रिय लगानीमा वृद्धि गर्दै आन्तरिक र बाह्य स्रोतलाई परिचालन गर्ने जस्ता विश्लेषणात्मक सुझाव पेस गरेको थियो । तर यी सबै सुझावहरूको प्रभावकारी ढङ्गबाट कार्यान्वयन हुन नसक्दा विद्यालय व्यवस्थापनमा उल्लेखनीय सुधार हुन सकेन ।

आधारभूत तथा प्राथमिक शिक्षा गुरुयोजना (१९९७-२००२) ले विद्यालय व्यवस्थापन र त्यसको तालिम, विद्यालय क्षेत्र सुधार आदिमा प्रयास गरेको थियो । माध्यमिक शिक्षा विकास योजना (१९९७-२०११) ले माध्यमिक शिक्षाको सुधारमा प्राथमिकता दिएर भौतिक सुविधामा वृद्धि, व्यवस्थापनमा सुधार आदि जस्ता लक्ष्य राख्दै माध्यमिक शिक्षाको विकास र सुधारका लागि आवश्यक स्रोत जुटाउन निजी, सामुदायिक र बाह्य (गैरसरकारी क्षेत्र) को लगानीलाई संयुक्त रूपमा समाहित गरेर शिक्षा प्रणालीको सक्षमतामा अभिवृद्धि गर्ने लक्ष्य राखेको थियो । हाल सबैका लागि शिक्षा (EFA) कार्यक्रमका सन्दर्भमा विद्यालय सुधार योजना (SIP) निर्माण र कार्यान्वयनका लागि आर्थिक अनुदान र माध्यमिक शिक्षा विकास कार्यक्रमबाट प्र.अ. तथा वि.व्य.स.लाई व्यवस्थापन तालिम प्रदान गर्दै रहेको छ । तर विद्यार्थी, विद्यालय आदिको सङ्ख्यामा दिनानुदिन वृद्धिले भौतिक तथा आर्थिक स्रोत र साधनको व्यवस्था गर्न सरकारले मात्र सकेको देखिँदैन । विद्यालयहरू समुदायमा हस्तान्तरण गर्ने प्रक्रियाले पनि व्यवस्थापनमा सुधार हुने अपेक्षा गरिएको छ तर अपेक्षित प्रगति हासिल हुन सकिरहेको छैन (काफ्ले, २०६०) ।

नेपालमा सरकारी अनुदानको अधिकांश हिस्सा शिक्षक तलब भत्ता, प्रशासन र मसलन्द खर्चमा नै सीमित रहने भएकाले सामुदायिक विद्यालयहरूमा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने ज्ञान, सीप र योग्यताका साथै आर्थिक, भौतिक र वातावरणीय पक्षमा सुधार गर्न अझै थप लगानीको खाँचो देखिन्छ । नेपालमा शैक्षिक व्यवस्थापनका लागि आवश्यक पर्ने लगानी सरकारी अनुदान, समुदाय वा घरपरिवार, शिक्षाप्रेमी दाताहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाबाट हुँदै आएको छ तर प्रभावकारी एवम् गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा कुशल व्यवस्थापन नहुनका कारणले समस्या रहेको छ (कोइराला, २०६०) ।

सामान्यतयाः शिक्षाको विकाससँगसँगै शैक्षिक लगानीको माग पनि बढ्दै जाने हुन्छ । यसका लागि सरकारी अनुदान मात्र पर्याप्त नहुने हुनाले घरपरिवार, समुदाय, शिक्षाप्रेमी

दाताहरूका अतिरिक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट पनि सहयोग आवश्यक हुन्छ । नेपालको सन्दर्भमा पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूले राष्ट्रिय र स्थानीय स्तरमा विद्यालय व्यवस्थापनको सुधारका लागि सहयोग गर्दै आएका छन् तर यहाँका वि.व्य.स., प्र.अ. आदि सरोकारवालाहरूसँग स्रोत र साधनको प्रभावकारी परिचालन गर्ने सीप एवम् क्षमताको कमीले सामुदायिक विद्यालयहरूको व्यवस्थापनमा उल्लेखनीय सुधार हुन सकिरहेको देखिँदैन । राष्ट्रिय स्तरमा एसियाली विकास बैंक, विश्व मुद्रा कोष, जाइका, युनिसेफ, यूएनएचसीआर, डानिडा, लुथरन विश्वसेवा, प्लान नेपाल, युनेस्को, सेभ द चिल्ड्रेन, यूएनडीपी, विश्व बैंक आदि संस्थाहरूले सहयोग पुऱ्याइरहेका छन् भने स्थानीय स्तरमा कारितास नेपाल, ग्रामीण पुनःनिर्माण संस्था, ब्रिटिस वेलफेयर आदि संस्थाहरूले सहयोग पुऱ्याइरहेका छन् । वस्तुगत आवश्यकताको सही पहिचान गरेर कार्यान्वयन गर्न सहज हुने खालका योजना निर्माण गरी जनसहभागिता जुटाएर पारदर्शी ढङ्गले प्राप्त स्रोत र साधनलाई परिचालन गर्न सक्ने सुनिश्चितताबिना दातृ संस्थाहरूले सहयोग गर्न रुचाउँदैनन् ।

मोरङ जिल्लाको पूर्वी क्षेत्रमा भुटानी शरणार्थीहरूको शिविर भएका कारणले प्रभावित क्षेत्र मानिएका पथरी र शनिश्चरे गाविसमा सञ्चालित सामुदायिक विद्यालयहरूको आर्थिक तथा भौतिक स्रोत कमजोर भएका कारणले सुधारका लागि यसै क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले १०/१५ वर्ष यतादेखि आर्थिक, भौतिक, प्राविधिक र शैक्षिक क्षेत्रमा सहयोग पुऱ्याइरहेको देखिन्छ । यस क्षेत्रका अधिकांश अभिभावकहरू प्रायः सुकुम्बासी भएका कारण कमजोर आर्थिक अवस्था रहेको छ । जसको प्रत्यक्ष प्रभाव विद्यालयको आर्थिक, भौतिक व्यवस्थापनमा रहेको छ । यसैले यस क्षेत्रका सामुदायिक विद्यालयहरूको व्यवस्थापनको सुधारका लागि यसै क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगी भूमिका महत्वपूर्ण देखिन्छ । यसरी सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमा लुथरन विश्व सेवा, प्लान नेपाल, कारितास नेपाल, ग्रामीण पुनःनिर्माण संस्था, ब्रिटिस वेलफेयर, शरणार्थी सम्बन्धी राष्ट्रसंघीय उच्च आयोग आदि रहेका छन् । राष्ट्रिय स्तरका गैरसरकारी संस्थाहरूमा मनोकामना सामुदायिक विकास केन्द्र, सगरमाथा सामुदायिक विकास केन्द्र, परिवर्तन नेपाल, विकल्प तथा ज्ञान केन्द्र, एजुकेशनल हेल्प लाइन, मानवअधिकार तथा वातावरण मञ्च, एक्सन एड नेपाल,

मनकामना सहकारी संस्था, शनिश्चरे सहकारी संस्था, आरती बहुउद्देश्यीय सहकारी संस्था आदि रहेका छन् ।

## १. २. समस्याको कथन

हाल नेपालमा शैक्षिक लगानी वृद्धि गर्दै शैक्षिक व्यवस्थापनमा सुधार गर्न प्रयासहरू हुँदाहुँदै पनि लगानीको अनुपातमा शैक्षिक गुणस्तर उक्सिन सकेको छैन । यसका विभिन्न कारणहरूमध्ये विद्यालय व्यवस्थापन प्रभावकारी हुन नसक्नु एक मुख्य कारण हो । शैक्षिक व्यवस्थापन प्रभावकारी बनाउनका लागि आर्थिक, भौतिक तथा मानवीय स्रोत र साधन भएर मात्र पुग्दैन, त्यस्ता साधनहरूलाई उचित एवम् प्रभावकारी ढंगले परिचालन गर्न सक्नुपर्दछ । विद्यालय व्यवस्थापन पक्षले उपलब्ध हुनसक्ने स्रोत र साधनको पहिचान गरी ती साधन प्राप्त गर्न ठोस र वस्तुगत योजना तथा कार्यक्रम तयार गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । यसरी स्रोतको पहिचान, योजना तथा कार्यक्रम निर्माण, त्यसको कार्यान्वयन, मूल्याङ्कन आदि कार्यका लागि पर्याप्त व्यवस्थापकीय सीप, दक्षता र ज्ञान आवश्यक छ । नेपालका सामुदायिक विद्यालयहरूका व्यवस्थापन समितिमा यस्ता सीपहरूको कमी देखिन्छ । सरकारी लगानी प्रायः साधारण खर्चमा मात्र सीमित रहने कारणले गर्दा विद्यालय व्यवस्थापनमा आवश्यक पर्ने भवन, फर्निचर, जग्गा, शौचालय, घेराबारा, पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलकुद सामग्री जस्ता पुँजीगत सम्पत्तिका लागि थप लगानी आवश्यक देखिन्छ । यहाँका अभिभावक र समुदायको आर्थिक अवस्था कमजोर भएकाले यो लगानी धान्न सक्ने अवस्था छैन । त्यसकारण गैरसरकारी संस्था वा दातृ निकायहरूसँग सहयोग लिनैपर्ने अवस्था रहेको छ । यस्ता संस्थाहरूले केही हदसम्म सहयोग पुऱ्याउँदै आएका पनि छन् ।

दातृ संस्थाहरू विद्यालयको यथार्थ र वस्तुगत आवश्यकता दर्शाउँदै वास्तविक र कार्यान्वयन गर्न सकिने योजना तथा कार्यक्रम निर्माण गरी आन्तरिक स्रोत समेत जुटाएर भरपर्दो ढंगले कार्य सम्पन्न गर्न सक्ने प्रतिबद्धता जाहेर नगरेसम्म सहयोग गर्न तयार हुँदैनन् । यस्ता दातृ संस्थाहरूले जनसहभागिता, पारदर्शिता, कार्यसम्पादन क्षमता, स्थानीय स्रोत र साधनको समुचित उपयोग, इमानदारिता, संरक्षणको प्रतिबद्धता आदि भएको रुचाउँछन् । तर यसका लागि विद्यालय व्यवस्थापनमा थुप्रै व्यवस्थापकीय सीप र क्षमता हुनु जरुरी छ । माथि उल्लिखित ज्ञान, धारणा, सीपको कमीले यहाँका सामुदायिक विद्यालयहरूमा व्यवस्थापन कार्य प्रभावकारी हुन सकेको छैन । यसैले माथि उल्लेखित ज्ञान,

सीप तथा धारणाका अतिरिक्त नयाँ र आधुनिक व्यवस्थापकीय विधिको अभ्यास गर्दै विद्यालय व्यवस्थापनमा सुधार गरी शैक्षिक लगानीलाई औचित्यपूर्ण बनाउने कार्य चुनौतीपूर्ण रहेको छ । एकातिर यस्तो चुनौती छ भने अर्कातिर विद्यालय शिक्षामा लगानी गर्नका लागि सरकारी स्रोतमात्र पर्याप्त नहुनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थालाई पनि सहयोग एवम् लगानी गर्ने वातावरण बनाउनुपर्ने चुनौती रहेको छ । यसका अलवा आधुनिक विज्ञान र प्रविधिसँग तालमेल गर्दै विश्वबजारमा प्रतिस्पर्धात्मक जनशक्ति उत्पादन गर्नुपर्ने चुनौती पनि रहेकै छ । यसका लागि सर्वप्रथम शैक्षिक लगानी वृद्धि गर्दै विद्यालय व्यवस्थापनमा सुधार गर्न आवश्यक देखिन्छ ।

## १. ३. अध्ययनको औचित्य

सामुदायिक विद्यालयहरूमा गैरसरकारी संघसंस्थाको सहयोगले व्यवस्थापनमा प्रभाव शीर्षकको यो अनुसन्धानले गैरसरकारी संस्थाहरूले विद्यालय व्यवस्थापनमा के, कति र कसरी सहयोग पुऱ्याएका छन्, व्यवस्थापनका कुनकुन पक्षमा कस्तो प्रभाव परेको छ, त्यहाँ कस्ता समस्याहरू छन् र समाधानका उपायहरू केके हुन सक्छन् भन्ने कुराको खोज गर्ने प्रयास गरेको छ । व्यवस्थापनमा आवश्यक सीप, क्षमता र योग्यताको उजागर गर्दै सहयोगको प्रभाव समेत केलाउने हुनाले विद्यालय व्यवस्थापनमा संलग्न शिक्षाप्रेमी व्यक्तिहरूलाई योजना निर्माणदेखि लिएर कार्यान्वयनसम्म आवश्यक पर्ने ज्ञान, सीप, क्षमता र कुशलता वृद्धि गर्नमा यस अनुसन्धानले सहयोग पुऱ्याउनेछ । गैरसरकारी संघसंस्थाहरूलाई पनि आफ्नो सहयोगको महत्व र प्रभावकारिताबारे जानकारी भई आगामी सहयोगका कार्यक्रमहरू निर्माण गर्न र कार्यान्वयन गर्न थप बल प्रदान गर्नेछ । शिक्षाको नीति निर्माताहरूलाई पनि शैक्षिक नीति निर्माण र लगानी तय गर्ने कार्यमा केही हदसम्म सहयोग पुऱ्याउनेछ । हालसम्म सहयोग नगरेका तर गर्न इच्छुक अन्य संघसंस्थाहरूलाई पनि आगामी दिनमा सहयोग कार्यक्रम तय गर्न र कार्यान्वयन गर्न पृष्ठपोषण प्रदान गर्नेछ । साथै सामुदायिक विद्यालय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका सम्बन्धमा पनि सुधार आउनेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

## १. ४. अध्ययनका उद्देश्यहरू

यस अध्ययनका निम्न उद्देश्य रहेका छन् :

क) सामुदायिक विद्यालयमा गैरसरकारी संघसंस्थाको आर्थिक, भौतिक तथा प्राविधिक सहयोगको अवस्था पत्ता लगाउनु ।

ख) सामुदायिक विद्यालयमा गैरसरकारी संस्थाको सहयोगले आर्थिक तथा भौतिक व्यवस्थापनमा पारेको प्रभाव पहिचान गर्नु ।

ग) सामुदायिक विद्यालयमा गैरसरकारी संघसंस्थाको सहयोगले शैक्षिक व्यवस्थापन र व्यवस्थापकीय सीप तथा दक्षतामा पारेको प्रभाव पहिचान गर्नु ।

घ) सामुदायिक विद्यालयमा गैरसरकारी संघसंस्थाको सहयोग प्रक्रिया तथा परिचालनमा देखा परेका समस्या पहिचान गरी समाधानका उपायहरू सुझाउनु ।

## १. ५. अनुसन्धानात्मक प्रश्नहरू

यो अनुसन्धान पूरा गर्न निम्न अनुसन्धानात्मक प्रश्नहरू राखिएका छन् :

क) सामुदायिक विद्यालयको व्यवस्थापनमा गैरसरकारी संघसंस्थाको आर्थिक, भौतिक तथा प्राविधिक सहयोगको अवस्था कस्तो रहेको छ ?

ख) सामुदायिक विद्यालयहरूमा गैरसरकारी संघसंस्थाको सहयोग प्रक्रिया कस्तो रहेको छ ?

ग) गैरसरकारी संस्थाहरूको सहयोगले सामुदायिक विद्यालयको आर्थिक तथा भौतिक व्यवस्थापनमा कस्तो प्रभाव परेको छ ?

घ) गैरसरकारी संघसंस्थाको सहयोगले सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन र व्यवस्थापकीय सीप तथा दक्षतामा कस्तो प्रभाव परेको छ ?

ङ) सामुदायिक विद्यालयहरूमा गैरसरकारी संघसंस्थाको सहयोग प्रक्रिया र परिचालनमा केके समस्या रहेका छन् ?

च) सामुदायिक विद्यालयमा गैरसरकारी संघसंस्थाको सहयोगमा देखिएका समस्याहरूलाई केकस्ता उपायद्वारा समाधान गर्न सकिन्छ ?

## १. ६. अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनले बृहत् क्षेत्र ओगट्ने भए पनि सीमित स्रोत, साधन, समय र जनशक्तिका कारणले मोरङ जिल्लाको पथरी र शनिश्चरे गाउँ विकास समितिमा रहेका सामुदायिक विद्यालयहरूमा मात्र सीमित गरिएको छ। अध्ययन क्षेत्रका २० वटा सामुदायिक विद्यालयहरूमध्ये ७ वटा विद्यालयलाई मात्र नमुनाका रूपमा लिइएको छ । गैरसरकारी संस्थाको सहयोगले विद्यालय व्यवस्थापनका समग्र क्षेत्रमा प्रभाव पार्न सक्ने भए तापनि विद्यालयको भौतिक, आर्थिक, शैक्षिक र व्यवस्थापकीय सीप र दक्षतामा पारेको प्रभावसम्म मात्र यो अध्ययन सीमित राखिएको छ । तथ्याङ्कहरूको उपलब्धता र विश्लेषणको जटिलताका कारणले गैरसरकारी संघसंस्थाबाट विगत ५ वर्षदेखि यता प्राप्त आर्थिक, भौतिक तथा प्राविधिक सहयोगलाई मात्र आधार मानेर विश्लेषण गरिएको छ। उल्लिखित क्षेत्र र जनसंख्यामा सीमित रहेर गरिएको यो अध्ययनको निष्कर्ष पनि यसै क्षेत्रमा मात्र उपयोगी हुनेछ भन्ने मान्यता राखिएको छ । सहयोग गर्ने गैरसरकारी संघसंस्थाहरूबाट सामुदायिक विद्यालयहरूलाई प्राप्त भएको सहयोग सम्बन्धी विवरण प्रायः सबै सहयोग संस्थाबाट लिइएता पनि सहयोगको प्रभाव सम्बन्धी विचार तथा धारणाहरू मुख्य दुई राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई मात्र लिइएको छ।

## १. ७. शब्दावलीको अर्थ र परिभाषा

| | |
|---|---|
| अभिलेख : | तथ्य, तथ्याङ्क र कार्यविवरणको व्यवस्थित सङ्ग्रह |
| आ.व. : | साउन १ गतेदेखि असार मसान्तसम्मको एक वर्ष आर्थिक कारोबारको अवधि |
| उ.मा.वि. : | नेपाल सरकारबाट सम्बन्धन प्राप्त वा अनुदान प्राप्त कक्षा १ देखि १२ सम्म सञ्चालित सामुदायिक विद्यालय |
| गा.वि.स. : | नेपाल सरकारको सबैभन्दा तल्लो तहको स्थानीय निकाय, गाउँ विकास समिति |
| गै.स.स. : | सामाजिक क्षेत्रको विकास र सुधारमा सहयोग गर्ने उद्देश्य लिएर स्थापना भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संघसंस्था |
| नि.मा.वि. : | नेपाल सरकारबाट नियमित अनुदान प्राप्त कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालय |

| | |
|---|---|
| प्रा.वि. : | नेपाल सरकारबाट अनुदान प्राप्त कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालय |
| प्र.अ. : | प्रधानाध्याक, विद्यालयको प्रशासकीय कार्य गर्न तोकिएको शिक्षक |
| मा.वि. : | नेपाल सरकारबाट अनुदान वा अनुमति प्राप्त कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालय |
| वि.व्य.स. : | शिक्षा नियमावली अनुसार विद्यालयको व्यवस्थापनका लागि गठन भएको समिति |
| शि.अ.सं : | विद्यालयमा पठनपाठन सम्बन्धी समस्याको समाधान, शिक्षक र अभिभावकको सम्बन्ध कायम र व्यवस्थापन समितिका कार्यको परीक्षण गर्ने प्रयोजनका लागि अभिभावक भेलाबाट गठन भएको शिक्षक र अभिभावक सम्मिलित समिति |
| शै.स. : | वैशाख १ देखि चैत्र मसान्तसम्मको शैक्षिक कार्यक्रमको एक वर्षे अवधि (शैक्षिक सत्र) |
| सरकारी लगानी : | नेपाल सरकारले शिक्षा क्षेत्रमा खर्च गरेको रकम |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २. १. सम्बन्धित साहित्यको पुनरावलोकन

बज्राचार्य (२०५८) का अनुसार सामुदायिक विद्यालयमा दूरदृष्टि, उद्देश्य तथा लक्ष्यहरूको निर्धारणमा सबै पक्षको सहभागिता नभएर प्रधानाध्यापकको व्यक्तिगत धारणा र विचारको प्रभाव रहेको छ । अधिकारको बाँडफाँडमा हेलचेक्र्याइँ गर्ने गरिएको छ । जटिल निर्णय प्रक्रिया र शिक्षक कर्मचारीको पहुँच कम भएका कारण निर्णयमा ढिलाइ हुने गरेको छ । सामुदायिक विद्यालयको नियन्त्रण प्रक्रिया कमजोर रहेको छ । अनुशासन र मूल्याङ्कन प्रक्रियामा पनि तदर्थवाद हावी भएको छ । अधिकार, जिम्मेवारी र उत्तरदायित्वको प्रभावकारी व्यवस्थापन हुनुपर्छ । शिक्षक व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्छ । Job Analysis, Span of Control जस्ता विधिको उपयोग गर्नुपर्छ । सूचना र सञ्चार प्रणालीलाई व्यवस्थित गर्नुपर्छ । शैक्षिक गोष्ठी, तालिम, सेमिनार आदिका माध्यमबाट व्यवस्थापन प्रक्रियाका बारेमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकको क्षमता विकास गराउनुपर्दछ । निर्णय प्रक्रियालाई प्रभावकारी बनाउन सहभागितामूलक विधि (PRA) उपयोग गर्नुपर्दछ (बज्राचार्य, २०५८) ।

शिक्षा विभाग (२०६२) का अनुसार शिक्षामा गरिएको लगानी र विविध कार्यक्रम हुँदाहुँदै पनि अपेक्षाकृत सफलता प्राप्त हुन सकिरहेको छैन । व्यवस्थापन पक्षमा व्यापक समस्या रहेको छ । विद्यालय व्यवस्थापनको अभ्यासका बारेमा निर्णायक विश्लेषण गर्न जरुरी छ । विश्लेषणबाट विद्यमान समस्या र तिनका कारणहरू पत्ता लगाई असल व्यवस्थापनका लागि नयाँ भूमिका पहिचान गरेर सोही अनुसार प्रधानाध्यापकहरूले आफूलाई तयारी राख्न जरुरी भएको छ । साविकको विद्यालयको व्यवस्थापनको अभ्यासमा योजना निर्माण गर्ने क्षमताको अभाव, शिक्षक व्यवस्थापनमा विद्यालयस्तरको निर्णायक भूमिका नरहनु, स्रोतव्यवस्थापनमा स्वतन्त्र ढंगले काम गर्न नसक्नु र केन्द्रीयस्तरबाट प्रदान गर्ने स्रोत र साधनको मात्र मुख ताक्नु, विद्यालय समुदायका लागि र समुदाय विद्यालयका लागि भन्ने भावनाको कमी हुनुका साथै विद्यालय व्यवस्थापन पक्षमा संलग्न व्यक्तिहरूमा व्यवस्थापकीय सीप एवम् क्षमताको कमी हुनु जस्ता समस्याहरू रहेका छन् । यी समस्या

समाधानका निमित्त केन्द्रीय तहदेखि स्थानीय तहसम्मका सबै सरोकारवालाहरू सक्रिय हुन आवश्यक हुन्छ (शिक्षा विभाग, २०६२) ।

निरौला (२०६३) का अनुसार विद्यालयमा गैरसरकारी संस्थाहरूको लगानी बढाउन विद्यालय व्यवस्थापन समितिलाई सक्रिय र जागरुक बनाउन तालिम प्रदान गर्नुपर्दछ । विद्यालयका स्रोत साधनको पहिचान र परिचालन गर्ने सीप बढाउनु पर्दछ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी र दातृ संस्थाहरूबीच छलफल र अन्तर्क्रिया बढाउनु पर्दछ । विद्यालय व्यवस्थापन समिति छनोटमा राजनीतिक हस्तक्षेप हुनुहुँदैन । दातृ निकायको सहयोगको समुचित मूल्याङ्कन र त्यसको अनुगमन गर्ने प्रभावकारी संयन्त्रको विकास गरिनुपर्दछ (निरौला, २०६३) ।

बुढाथोकी (२०६४) का अनुसार विद्यालयको आर्थिक स्रोत सरकारी अनुदान, शुल्क, चन्दा, अनुदान र संघसंस्थाको सहयोग रहेको छ । शुल्क निर्धारण जस्ता महत्वपूर्ण निर्णायक निर्णयहरू व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक र विद्यार्थीको सहमतिका आधारमा गर्नुपर्दछ । वार्षिक अनुमानित बजेट अभिभावकहरूमा अनुमोदन गर्नुपर्दछ । विद्यालयको भौतिक निर्माण तथा मर्मतमा प्रसस्त संकट देखिन्छ । अनुमति प्राप्त विद्यालयहरूमा भन्दा स्वीकृत प्राप्त विद्यालयहरूको विद्यालय भवन, निर्माण, मर्मत, खेलमैदान, विज्ञान प्रयोगशाला, पुस्तकालय, खेलकुद र शैक्षिक सामग्रीको व्यवस्थापनमा विभिन्न दातृ निकायले बढी सहयोग गर्ने गरेको छ । दुवैखाले विद्यालयमा भौतिक निर्माण तथा सुधारका लागि सहभागिता, पारदर्शिता, प्रभावकारी योजना निर्माण, बजेट निर्माण तथा कार्यान्वयन आदि जस्ता कार्यमा सुधार आवश्यक रहेको छ । जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति, गा.वि.स. र सहयोगी गै.स.स.बाट बिना भेदभाव यथार्थ आवश्यकताका आधारमा आर्थिक तथा भौतिक सहयोग गर्नुपर्ने सुझाव छ (बुढाथोकी, २०६४) ।

कोइराला (२०६४) का अनुसार सामुदायिक विद्यालयको भौतिक पक्षको व्यवस्थापनमा व्यापक कमजोरी रहेको छ । सामुदायिक विद्यालय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको चासो कम भएकाले सक्रियता र जिम्मेवारी कम रहेको छ । सामुदायिक विद्यालयमा भवन, फर्निचर, छात्रछात्राका लागि बेग्लाबेग्लै शौचालय, पुस्तकालय, विज्ञान प्रयोगशाला आदिको समुचित व्यवस्था हुनुपर्दछ । अभिभावकहरूलाई विद्यालयका कार्यक्रमहरूमा सहभागी गराएर विद्यालयप्रति उत्तरदायी बनाउनुपर्दछ । विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका सबल हुनुपर्दछ ।

विद्यालयको भौतिक पक्ष सबल बनाउन सरकारी निकाय, समुदाय र गैरसरकारी संघसंस्थाको लगानी बढाउनुपर्दछ (कोइराला, २०६४) ।

पराजुली (२०६४) का अनुसार सामुदायिक विद्यालयको भौतिक तथा आर्थिक व्यवस्थापनमा कमजोरी रहेको पाइन्छ । गैरसरकारी संघसंस्थाहरूले पनि पहुँचका आधारमा सुविधासम्पन्न विद्यालयलाई नै भौतिक निर्माणमा सहयोग गर्ने गरेका छन् । कमजोर भौतिक पूर्वाधार भएका सामुदायिक विद्यालयको भौतिक पक्ष मजबुत बनाउनका लागि सरकार, समुदाय र गैरसरकारी संघसंस्थाले प्राथमिकता क्रम निर्धारण गरी लगानी गर्नुपर्ने सुझाव दिएको छ । प्राप्त स्रोत र साधनलाई उपलब्धिमूलक ढंगले उपयोग गर्नका लागि विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिको कार्यक्षमतामा व्यापक सुधार गर्नुपर्ने देखिन्छ (पराजुली, २०६४) ।

लम्साल (२०६४) का अनुसार विद्यालय व्यवस्थापनलाई सही दिशा दिनका लागि योजना विकेन्द्रीकरणका रूपमा आएको विद्यालय सुधार योजना निर्माणमा सक्रियता देखिएको छैन । प्रभावकारी योजनाको अभावका कारणले गैरसरकारी संघसंस्था र अन्य शिक्षाप्रेमी दाताहरू सामुदायिक विद्यालयमा लगानी गर्न हिच्किचाइरहेका छन् । सामुदायिक विद्यालयमा लगानीको वर्तमान अवस्थाबारेको विश्लेषण कमै गरिएको छ । फरक फरक अवस्था र परिस्थिति अनुसार गैरसरकारी क्षेत्रले सामुदायिक विद्यालयमा गर्ने लगानी पनि फरक फरक हुने हुनाले शिक्षाको स्थानीय तहमा हुने लगानी यकिन गर्न कठिन छ । तापनि सामुदायिक विद्यालयहरूमा गैरसरकारी क्षेत्रको लगानी वर्षेनी बढ्दै गएको छ । सामुदायिक विद्यालयमा गैरसरकारी क्षेत्रको लगानीले शैक्षिक लगानी विश्लेषण गर्ने कार्यमा नयाँ आयाम थपेको छ । विद्यालयमा प्राप्त स्रोत र साधन परिचालन गर्न व्यवस्थापन समिति पूर्ण जिम्मेवार रहेको अवस्था छैन । शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिमा व्यवस्थापकीय क्षमता कमजोर रहेको छ । पारदर्शिता र इमानदारिताको कमी र अभिभावकको सहभागितामा पनि कमी रहेको छ । प्रभावकारी अनुगमन संयन्त्र छैन जसले गर्दा लगानीको सदुपयोग र प्रभावकारितामा कमजोरी छ । विद्यालय वातावरण सुधार र शैक्षिक गुणस्तर सुधारमा पनि कमजोरी देखिन्छ । विद्यालय व्यवस्थापनमा विकेन्द्रीकरण गर्नुपर्ने मान्यता भए पनि व्यावहारिक रूपमा अपेक्षाकृत कार्यान्वयन भएको छैन ।

सामुदायिक विद्यालयमा गैरसरकारी क्षेत्रको लगानी दिनानुदिन बढ्दै गएका कारण उक्त क्षेत्रको लगानीको विश्लेषण गर्नुपर्ने, विद्यालय सुधार योजनालाई प्रभावकारी ढंगले

निर्माण गरी सोही आधारमा विद्यालय व्यवस्थापन गरिनुपर्ने, गै.स.स.को लगानीको प्रभावकारिताको विश्लेषण गरिनुपर्ने जस्ता सुझावहरू पनि रहेका छन् । त्यस्तै प्र.अ., वि.व्य.स., शिक्षक, अभिभावक संघ सबैमा व्यावसायिक सीप र क्षमताको अभिवृद्धि गर्ने कार्यक्रम आउनुपर्ने, साधन र स्रोतलाई विकेन्द्रीत ढंगले परिचालन गर्नुपर्ने, प्रभावकारी अनुगमन र मूल्याङ्कन संयन्त्र निर्माण गर्नुपर्ने जस्ता सुझावहरू पनि रहेका छन् । यसै गरेर विद्यालय क्षेत्रको सुधार गर्नका लागि एउटा मात्र पक्षको प्रयास र प्रयत्नले मात्र उपलब्धि लिन सकिँदैन । यसलाई Holistic Package मा हेरिनुपर्दछ । शिक्षामा गैरसरकारी क्षेत्रको लगानी बढाउन विद्यालय, समुदाय, स्थानीय निकाय, सरकारी निकाय आदि सबै सरोकारवालाहरू मिलेर वातावरण निर्माण गर्नुपर्दछ भन्ने समेत सुझाव रहेको छ (लम्साल, २०६४) ।

## २. २. अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनका लागि केनेथको प्रणाली सिद्धान्त, मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्त, जोन उडवार्डको सांयोगिक सिद्धान्तलाई अध्ययनको वैचारिक खाका मानिएको छ ।

केनेथ (१९६०) का अनुसार संगठनको अन्तरसम्बन्ध एवम् अन्तर्निभर हुने तत्वहरूको संयोजन गरिने गरिन्छ । प्रत्येक संगठन विभाग, शाखा, उपशाखा मिलेर बनेको हुन्छ र बाह्य वातावरणबाट प्रभावित भएको हुन्छ । तसर्थ संगठनको उद्देश्य प्राप्तिका लागि प्रत्येक व्यवस्थापकले व्यवस्थापकीय क्रियाकलापहरूको सञ्चालन एकीकृत रूपमा गर्नुपर्दछ । सम्पूर्ण एकाइलाई संयोजन गरी संगठन सञ्चालन गर्नुपर्दछ । विद्यालय एउटा प्रणाली हो र एक सामाजिक समूह पनि हो । समाजसँग यसको प्रत्यक्ष सरोकार रहेको हुन्छ । विद्यालयको सञ्चालन सामाजिक प्रक्रियाका आधारमा हुने भएकाले यस सिद्धान्तलाई उपयोग गरी व्यवस्थापन प्रक्रिया सञ्चालनमा प्रभावकारिता वृद्धि हुन्छ भन्ने ठानेर प्रस्तुत सिद्धान्तलाई यो अध्ययनको वैचारिक खाका मानिएको छ (केसी, २०६३ बाट उद्धृत) ।

फोलेट (१८६८) का अनुसार संगठनमा काम गर्ने मानिसहरूसँग मानवीय सम्बन्ध गतिशील र सुमधुर किसिमको हुनुपर्दछ । संगठन प्रमुख र कर्मचारीबीचको सम्बन्ध मानवीय नाताका आधारमा हुनुपर्दछ । प्रमुख र कर्मचारीबीचको असमझदारी उनीहरूमा लुकेको विचारबाट हुन्छ र यस्तो विचारलाई अभिव्यक्त गर्न लगाएर समझदारी गराउनुपर्दछ ।

फोलेटले मानव सम्बन्ध सिद्धान्तलाई अघि बढाउन समन्वय सम्बन्धी चार सिद्धान्त प्रतिपादन गरेकी छन् । सम्बन्धित व्यक्तिहरूको प्रत्यक्ष सम्पर्कद्वारा समन्वय, प्रारम्भिक अवस्थामा समन्वय, सबै अवस्थामा पारस्परिक सम्बन्धका रूपमा समन्वय र एक निरन्तर प्रक्रियाका रूपमा समन्वय । सरोकारवाला सबैको सहभागिताको समन्वय गर्न प्र.अ., वि.व्य.स., शिक्षक र विद्यार्थीका बीचमा सुमधुर सम्बन्ध कायम गरी विद्यालय व्यवस्थापनमा प्रभावकारिता ल्याउन सहायक हुने तथा शिक्षाको सामाजिक उत्तरदायित्वलाई परिभाषित गर्दै विद्यालय समाजभित्रको उपप्रणालीका रूपमा लिएर यसको विकासमा सामाजिक संघसंस्था राज्य र अन्य सरोकारवाला निकायको सामुहिक जिम्मेवारीको धारणाको विकास गर्ने अपेक्षाका साथ यो सिद्धान्तलाई प्रस्तुत अध्ययनको वैचारिक खाकाका रूपमा स्वीकार गरिएको छ ।

उडवार्ड (१९७०) का अनुसार व्यवस्थापनका सिद्धान्तहरू सबै परिस्थितिमा समान रूपमा लागू गर्न सकिँदैन । यो परिस्थितिमूलक हुन्छ । व्यवस्थापनका सिद्धान्तहरूको प्रयोगका लागि वातावरणका विद्यमान चरहरू अध्ययन गरेर निर्णय तथा कार्यहरू गर्नुपर्दछ । त्यसैले व्यवस्थापन परिस्थितिमूलक सिद्धान्तका आधारमा चल्दछ । वातावरणले के र कसरी प्रभाव पारिरहेको हुन्छ सोको अध्ययनअनुसार मात्र व्यवस्थापनका सिद्धान्तहरूको प्रयोग गर्न सकिन्छ । एक व्यवस्थापकले प्रत्येक निर्णय वा कार्य एकै किसिमको अवस्था र वातावरणमा गर्न सक्दैन । जस्तै कुनै निर्णय केन्द्रीय तहबाट गर्नुपर्ने हुन्छ भने कुनै निर्णय गर्न विकेन्द्रीकरणको सिद्धान्त अपनाउनुपर्दछ । हरेक निर्णय गर्दा निर्णयले प्रभाव पार्ने तत्वहरूको समेत सहभागिता हुनुपर्दछ । त्यसैले कुनै पनि व्यवस्थापकको निर्णय कारण र प्रभावको संयोगमा निर्भर गर्दछ । विद्यालय व्यवस्थापनमा पनि परिस्थिति फरक फरक हुने हुनाले व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि कारण र प्रभावको संयोगलाई ध्यान दिनुपर्ने हुनाले यो सिद्धान्तलाई पनि प्रस्तुत अध्ययनको वैचारिक खाका मानिएको हो ।

## २. ३. शैक्षिक उपादेयता

व्यवस्थापनका विभिन्न धारणा तथा सिद्धान्तको ज्ञान तथा जानकारी र अनुसन्धानबाट निस्किएका निष्कर्षहरूको अध्ययन गर्नु उपयोगी हुन्छ । नयाँ विषयमा अध्ययन र अनुसन्धानका लागि सैद्धान्तिक ढाँचा र सम्बन्धित साहित्यको अध्ययन आवश्यक छ । दर्शनशास्त्रीय र सैद्धान्तिक ज्ञानले अनुसन्धान कार्यको शैक्षिक पक्षमा दिशानिर्देश हुन्छ

भने सम्बन्धित साहित्यको अध्ययनले व्यावहारिक सीपको विकासमा सहयोग पुग्दछ । अनुसन्धान प्रतिवेदनका निष्कर्षहरूले कार्यक्रम, रणनीति र कार्ययोजना तय गर्नका लागि सहयोग पुऱ्याउँदछन् । माथि अध्ययन गरिएका अनुसन्धान प्रतिवेदनहरूका निष्कर्षहरूले विद्यालय वातावरण सुधार गरी शैक्षिक प्रणालीको सुधारमा कुनै न कुनै रूपले सहयोग पुऱ्याउन सक्दछन् । समुदायलाई व्यवस्थापनको जिम्मा लगाउने कार्यबाट सहभागितामा वृद्धि, समस्याको ठोस र वास्तविक पहिचान, अपनत्वको भावनामा वृद्धि आदि जस्ता तत्वहरूले विद्यालय व्यवस्थापनको क्षमता तथा सक्षमतामा वृद्धि हुन गई शैक्षिक प्रणालीकै गुणात्मक सुधारमा सहयोग पुऱ्याउँदछ । उपयुक्त योजना निर्माण, लगानीको लाभ विश्लेषण, विकेन्द्रित पद्धति आदिले पनि व्यवस्थापकीय दक्षता र क्षमतामा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

नेपालमा शिक्षाको विकाससँगसँगै शैक्षिक लगानीको माग बढिरहेको वर्तमान सन्दर्भमा विद्यालय क्षेत्र सुधारका लागि प्रभावकारी व्यवस्थापन हुन थप लगानी आवश्यक छ । सरकारी लगानी अपर्याप्त भएको स्थानीय समुदायको कमजोर आर्थिक अवस्था रहेको र शिक्षाका राष्ट्रिय कार्यक्रम तथा योजनामा दातृ निकायको सहयोग व्यवस्थित वितरण हुन नसक्दा विद्यालय व्यवस्थापनमा खासै सुधार हुन सकेको देखिँदैन । यसर्थ समस्या समाधानका लागि स्थानीय रूपमा कार्यक्षेत्र बनाएर विशेष कार्यक्रम मार्फत सामुदायिक विद्यालयको व्यवस्थापनमा सहयोग पुऱ्याउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरूको सहयोग महत्वपूर्ण हुनेछ । यस्तो सहयोगको अवस्था त्यसले व्यवस्थापनमा पारेको प्रभाव र त्यस सम्बन्धी समस्याको अध्ययन अनुसन्धानमा पर्याप्त प्रयास भएको छैन । यस अध्ययनलाई यस सम्बन्धी अनुसन्धान गर्न माथि उल्लेखित सम्बन्धित साहित्य र सैद्धान्तिक खाकाले पर्याप्त सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३. १. अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शीर्षकको अध्ययनका लागि परिमाणात्मक र गुणात्मक दुवै अध्ययन ढाँचा अवलम्बन गरिएको छ । तथ्याङ्कलाई विश्लेषण गर्दा विभिन्न चित्र, तालिका, प्रतिशत आदिमा प्रस्तुत गरिएको हुनाले परिमाणात्मक ढाँचाको रहेको छ । साथै विभिन्न समस्या तथा सुझावहरूलाई वर्णन गरिएको हुनाले यो अध्ययन गुणात्मक ढाँचाको समेत रहेको छ ।

## ३. २. तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३. २. १. जनसङ्ख्या

यस अनुसन्धान कार्यका लागि मोरङ जिल्ला पथरी स्रोतकेन्द्र अन्तर्गत शनिश्चरे गा.वि.स.मा सञ्चालित १३ र पथरी गा.वि.स.मा सञ्चालित ७ गरी जम्मा २० विद्यालय तथा यस क्षेत्रमा सहयोग पुऱ्याउने सबै गैरसरकारी संघसंस्थालाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३. २. २. नमुनाको आकार

यस अनुसन्धान कार्यका लागि कुल जनसंख्या मध्ये प्रा.वि., नि.मा.वि., र मा.वि. र उ.मा.वि. सबैको प्रतिनिधित्व हुने गरी दुई प्रा.वि., दुई नि.मा.वि., दुई उ.मा.वि. र एक मा.वि. गरी ७ वटा सामुदायिक विद्यालयलाई नमुना छनोट गरिएको छ । गैरसरकारी संघसंस्थामध्ये दुई राष्ट्रिय गैरसरकारी संस्था र दुई अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई नमुनाका रूपमा छनोट गरिएको छ ।

### ३. २. ३. नमुना छनोट विधि

यस अनुसन्धान कार्यका लागि असम्भाव्य नमुना छनोट अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिबाट नमुना छनोट गरिएको छ । आवश्यकता अनुसार अंश नमुना छनोट विधि पनि प्रयोग गरिएको छ ।

### ३. २. ४. नमुना छनोटको आधार

यस अनुसन्धान कार्यका लागि निम्न आधारमा नमुना छनोट कार्य गरिएको छ ।

### ३. २. ४. १. विद्यालयको छनोट

समय र स्रोतको सीमिततालाई ध्यान दिँदै यातायात, पायक र उपलब्धताका आधारमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी शनिश्चरे र पथरी दुवै गा.वि.स. बाट प्रतिनिधित्व हुने गरी प्रा.वि. २, नि.मा.वि. २, मा.वि. १ र उच्च मा.वि. २ गरी जम्मा ७ सामुदायिक विद्यालयलाई अध्ययनका लागि नमुना छनोट गरिएको छ ।

### ३. २. ४. २. अभिभावकको छनोट

छनोटमा परेका प्रत्येक सामुदायिक विद्यालय क्षेत्रका अभिभावकहरूमध्ये उद्देश्यमूलक नमुना छनोट विधि अनुसार विद्यालय नजिकका, चासो राख्ने, पढेलेखेका र विश्लेषण गर्न सक्ने अभिभावकमध्ये दुई/दुई जनाका दरले अन्तर्वार्ता र छलफलका लागि नमुना छनोट गरिएको छ ।

### ३. २. ४. ३. प्रधानाध्यापक र शिक्षकको छनोट

नमुना छनोटमा परेका प्रत्येक सामुदायिक विद्यालयका प्रधानाध्यापक एक र शिक्षक एक गरी दुई जनालाई उद्देश्यमूलक नमुना छनोट विधिअनुसार अन्तर्वार्ता र छलफलका लागि नमुना छनोट गरिएको छ ।

### ३. २. ४. ४. विद्यालय व्यवस्थापन समितिको छनोट

छनोटमा परेका प्रत्येक सामुदायिक विद्यालयका तत्कालीन अध्यक्ष र वर्तमान अध्यक्ष दुवैलाई व्यवस्थापन समितिको प्रतिनिधित्व गर्ने गरी अन्तर्वार्ता र छलफलका लागि नमुना छनोट गरिएको छ ।

### ३. २. ४. ५. सहयोगी संस्थाको छनोट

नमुना छनोट गरिएका विद्यालयमा सहयोग पुऱ्याएका सम्पूर्ण अन्तर्राष्ट्रिय र राष्ट्रिय गै.स.स.बाट तथ्याङ्क सङ्कलन गरिएको छ । तर अन्तर्वार्ता र छलफलका लागि दुई/दुई जनाका दरले गै.स.स.का प्रमुखलाई उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा अन्तर्वार्ता र छलफलका लागि नमुना छनोट गरिएको छ ।

### ३. २. ४. ६. विद्यार्थीको छनोट

नमुना छनोटमा परेका विद्यालयहरूमध्ये मा.वि. र उ.मा.वि.का दुई/दुई जना विद्यार्थीलाई उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा नमुना छनोट गरिएको छ ।

### ३. ३. अनुसन्धानका साधनहरू

यस अनुसन्धान कार्यमा सहयोगको अवस्था पत्ता लगाउन सहयोगी संस्था र विद्यालयसँग सहयोगको विवरण फारम प्रयोग गरिएको छ र सहयोगी संस्थाका प्रमुख, विद्यालयका प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, अभिभावक र विद्यार्थीलाई अन्तर्वार्ताका लागि संरचित र खुला दुवै प्रश्नावलीको प्रयोग गरिएको छ । छलफलका लागि सम्बन्धित विषयवस्तु राखिएको छ ।

### ३. ४. तथ्याङ्कका स्रोतहरू

प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्वितीय दुवै प्रकारका तथ्याङ्कहरू उपयोग गरिएको छ ।

#### ३. ४. १. प्राथमिक स्रोत

यस अनुसन्धान कार्यका लागि प्राथमिक स्रोतका रूपमा सहयोगी संस्थाका प्रमुख, प्र.अ., शिक्षक, व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक र विद्यार्थीसँग अन्तर्वार्ताका लागि दिएका प्रश्नावलीका उत्तरहरू रहेका छन् ।

#### ३. ४. २. द्वितीय स्रोत

यस अनुसन्धान कार्यका लागि प्राथमिक स्रोतले मात्र तथ्याङ्कहरू पर्याप्त नहुने हुनाले द्वितीय स्रोतका रूपमा सहयोग विवरण फारम, विद्यालय सुधार योजना, संस्थाका विभिन्न अभिलेखहरू, विद्यालयका विभिन्न प्रतिवेदन, अभिलेख, तथ्याङ्क फारमको उपयोग गरिएको छ ।

### ३. ५. तथ्याङ्क विश्लेषण विधि

यस अनुसन्धान कार्यमा प्राथमिक र सहायक स्रोतबाट प्राप्त विभिन्न तथ्याङ्कहरूलाई तालिकीकरण, चार्ट, स्तम्भचित्रमा प्रस्तुत गर्दै गुणात्मक व्याख्या र विश्लेषणका आधारमा निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको प्रस्तुति, व्याख्या र विश्लेषण

तथ्याङ्कको संकलन पछाडि त्यसलाई विभिन्न विधि अपनाई विश्लेषण तथा व्याख्या गरिन्छ । विश्लेषण र व्याख्या भन्नाले संकलित तथ्याङ्कलाई विशेषताका आधारमा वर्गीकरण, श्रेणीकरण र व्यवस्थित गरेर त्यसको व्याख्या गर्नु हो । विश्लेषण गरी निस्केको निष्कर्षलाई बुझ्ने गरी प्रस्तुतिकरण गरिन्छ । यस अनुसन्धानमा पनि विद्यालय तथा गै.स.सस्थाबाट प्राप्त विवरण र सरोकारवालासँगको अन्तर्क्रिया वा छलफलबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई मूलतः गुणात्मक विधि अपनाई व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ४. १. सामुदायिक विद्यालयको वर्तमान भौतिक अवस्था र गै.स.सं. को आर्थिक, भौतिक तथा प्राविधिक सहयोगको अवस्था

यस अनुसन्धानमा विद्यालयबाट प्राप्त भौतिक विवरण, गैरसरकारी संघसंस्थाको सहयोग सम्बन्धी विवरण र गैरसरकारी संघसंस्थाले दिएको विवरणका आधारमा प्राप्त सूचना तथा तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४. १. १. विद्यालयको वर्तमान भौतिक अवस्थाको विवरण

सामुदायिक विद्यालयबाट प्राप्त भौतिक विवरण तथा तथ्याङ्क अभिलेख (Flash I and II) का आधारमा विद्यालयहरूको वर्तमान भौतिक अवस्था सङ्कलन गरिएको छ । उक्त विवरणलाई अनुसूची-१ मा उल्लेख गरिएको छ ।

तालिका नं. एक : भौतिक अवस्थाको समष्टिगत विवरण

| क्र.स. | विवरण | पर्याप्त | काम चलाउ | अपर्याप्त |
|---|---|---|---|---|
| १ | भवन सम्बन्धी | २ | १८ | २३ |
| २ | फर्निचर | १० | १८ | १३ |
| ३ | शैक्षिक सामग्री | ० | १३ | ३१ |

स्रोत : विद्यालय भौतिक विवरण फाराम, २०६७ ।

उक्त विवरणका आधारमा हेर्दा भवन सम्बन्धी विवरणको कुल जम्माअनुसार पर्याप्तमा दुई रेजा, काम चलाउमा १८ रेजा र अपर्याप्तमा २३ रेजा रहेको देखिन्छ । यस आधारमा भवनको अवस्था धेरै अपर्याप्त, केही काम चलाउ र थोरै मात्र पर्याप्त देखिन्छ ।

यस विवरणलाई निम्नअनुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र नं. १ : भौतिक अवस्थाको समष्टिगत विवरण




माथिको तालिका नं. एक र चित्र नं. १ लाई विश्लेषण गर्दा नमूना छनोटमा परेका विद्यालयहरूमध्ये थोरै विद्यालयमा मात्र भवन सम्बन्धीको अवस्था पर्याप्त देखियो भने केहीमा काम चलाउ र अधिकांशमा अपर्याप्त देखियो । त्यस्तै फर्निचरको अवस्था हेर्दा केही विद्यालयमा पर्याप्त, अधिकांशमा काम चलाउ र केहीमा अपर्याप्त देखियो । शैक्षिक सामग्रीको अवस्था कुनै पनि विद्यालयमा पर्याप्त देखिएन । केही विद्यालयमा काम चलाउ देखियो तथा अधिकांश विद्यालयमा अपर्याप्त पाइयो ।

### ४. १. २. गैरसरकारी संस्थाहरूको सहयोगको अवस्था

प्रस्तुत अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयहरूमा २०६० देखि २०६६ सालसम्म गैरसरकारी संस्थाहरूबाट प्राप्त सहयोगको अवस्था पनि अध्ययन गरिएको थियो । उक्त वर्षहरूमा गैरसरकारी संस्थाहरूले विद्यालयहरूलाई भवन निर्माण, शौचालय निर्माण, पुस्तकालय, विद्यालय घेराबारा र विभिन्न कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा भौतिक सहयोग गर्दै आएको पाइयो । ती संस्थाहरूबाट विद्यालयलाई गरिएको सहयोग सम्बन्धी

विवरण र विद्यालयहरूबाट ती संस्थाहरूले गरेको सहयोगको प्राप्त विवरण भिडाई तुलनात्मक अध्ययन गरिएको छ। उक्त विवरणलाई अनुसूची-४ मा प्रस्तुत गरिएको छ।

उक्त तथ्याङ्कलाई सहयोग गर्ने संस्थाहरूको सहयोगलाई समष्टिगत रुपमा निम्न अनुसार तालिकामा एकमुष्ट प्रस्तुत गरिएको छ :

तालिका नं. दुई : सहयोग सम्बन्धी एकमुष्ट विवरण

| क्र.स. | सहयोगी संस्था | सहयोग रकम | प्रतिशत |
|---|---|---|---|
| १ | लुथरुङ विश्वसेवा | ३९,२७,०००।- | ६० |
| २ | प्लान नेपाल | १३,४०,०००।- | २१.२० |
| ३ | ब्रिटिस वेलफेयर | ५,५०,०००।- | ८.४६ |
| ४ | ग्रामीण पुनःनिर्माण संस्था | २,७३,०००।- | ४.२ |
| ५ | कारितास नेपाल | २,००,०००।- | ३.०७ |
| ६ | मानव अधिकार तथा वातावरण मञ्च (फरेन) | १५,०००।- | ०.२३ |
| ७ | मनोकामना सामुदायिक विकास केन्द्र | १,००,०००।- | १.५३ |
| ८ | सगरमाथा सामुदायिक विकास केन्द्र | ३९,०००।- | ०.६० |
| ९ | नेत्रहिन संघ, मोरङ | ३०,०००।- | ०.४१ |
| १० | एजुकेसनल हेल्प लाइन | २०,०००।- | ०.३० |
|  | जम्मा | ६४,९४,०००।- | १०० |

स्रोत : विद्यालय भौतिक विवरण फाराम, २०६७।

उपर्युक्त तालिका अनुसार अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरूलाई सबैभन्दा बढी सहयोग गर्ने संस्था लुथरुङ विश्वसेवा रहेको देखिन्छ भने सबैभन्दा कम सहयोग गर्ने संस्था मानवअधिकार तथा वातावरण मञ्च (फरेन) रहेको देखिन्छ। यस विवरणलाई निम्न अनुसार वृत्तचित्रमा समेत प्रस्तुत गरिएको छ।

चित्र नं. २ : सहयोग सम्बन्धी एकमुष्ट विवरण



उक्त विवरण अनुसार गै.स.सं.बाट पथरी र शनिश्चरेका सामुदायिक विद्यालयमा गरेको सहयोग सम्बन्धी विवरणलाई हेर्दा सबैभन्दा बढी रहयोग गर्ने संस्था लुथरुङ विश्वसेवा देखिन्छ । त्यस संस्थाले कक्षाकोठा निर्माण, फर्निचर र शौचालयमा बढी सहयोग पुऱ्याएको देखिन्छ । प्लान नेपालले थोरै भवन  निर्माण , फर्निचर र खानेपानी तथा शौचालयमा समेत सहयोग पुऱ्याएको देखिन्छ । ग्रामीण पुनःनिर्माण संस्थाले अधिकांश विद्यालयमा मर्मतमा सहयोग गरेको छ । क्यारिटस नेपाल यु.एन् एच.सि.आरले भवन निर्माण तथा अन्यमा सहयोग पुऱ्याएको छ । ब्रिटिस वेलफेयर दमकले कम्पाउन्ड वाल भवन निर्माणमा सहयोग पुऱ्याएको देखिन्छ ।

विद्यालयहरूमा सहयोग कार्यक्रम सञ्चालन गर्दा त्यस्तो विद्यालयले आन्तरिक स्रोत जुटाएर कार्यक्रम सम्पन्न गरेको पाइयो । अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरूले प्राय भौतिक निर्माण कार्यक्रममा सहयोग गरेको देखिन्छ । राष्ट्रिय स्तरका गै.स. सस्थाहरूले प्राय भौतिक निर्माणमा भन्दा शैक्षिक वातावरण निर्माण, खानेपानी, वृक्षारोपण जस्ता कार्यक्रममा सहयोग गरेको देखिन्छ । कतिपय राष्ट्रिय गै.स.संस्थाले अन्तर्राष्टिय गै.स.संस्थासँग समन्वय गरेर ती संस्थाको आर्थिक सहयोग कार्यक्रम सञ्चालन गरेको पनि पाइयो । केही संस्थाहरूले पुस्तकालय, छात्रवृत्ति जस्ता शैक्षिक सुविधावृद्धि जस्ता कार्यक्रममा समेत सहयोग गरेको देखिन्छ ।

यस प्रकार गै.स.संस्थाबाट धेरैजस्तो भौतिक निर्माणमा केही वातावरण सुधारमा र थोरैमात्र शैक्षिक सुविधा वृद्धिमा सहयोग पुऱ्याएको देखिन्छ । यसरी हेर्दा छनौटमा परेका विद्यालयहरूमा गै.स.संस्थाबाट गरेको सहयोग निकै उपलब्धीपूर्ण तथा उल्लेखनीय देखिन्छ ।

### ४. १. ३ सहयोग सम्बन्धी प्रक्रिया

गैह्र सरकारी संघसंस्थाले सामुदायिक विद्यालयहरूलाई सहयोग प्रदान गनुपर्ने आवश्यकता, विद्यालयको  छनौट, लागत र प्राविधिक सहभागिता, निकासाको प्रक्रिया आदि जस्ता सहयोग प्रदान गर्ने सन्दर्भका प्रक्रियाको बारेमा पहिचान गर्नका लागि यस अनुसन्धान कार्यमा नमुना छनौटमा परेका गैह्रसहकारी संघसंस्थाका प्रतिनिधिहरूसँग अन्तर्वाताका माध्यमबाट सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरेर व्याख्या तथा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

सहयोग प्रदान गर्नुपर्ने आवश्यकताका बारेमा अन्तर्वातामा सोधिएका प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

तालिका नं. तीन : सहयोग प्रक्रिया

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी निकायको दवाब | ० | ० |
| २ | शरणार्थी अध्ययन गर्ने विद्यालय | १ | १२.५ |
| ३ | शरणार्थी प्रभावित क्षेत्र | २ | २५ |
| ४ | विद्यालयबाट बारम्बार सहयोगको माग | ४ | ५० |
| ५ | विद्यालयको आर्थिक, भौतिक तथा वातावरणीय पक्षमा कमजोर | ८ | १०० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७ ।

माथिको तालिका अनुसार विद्यालयहरूलाई सहयोग प्रदान गर्नुपर्ने कारणहरू वा आवश्यकता किन परेको छ भन्ने प्रश्नमा विद्यालयको आर्थिक, भौतिक तथा वातावरणीय पक्ष कमजोर भएकाले सहयोग प्रदान गर्नुपऱ्यो भन्ने उत्तर १००℅ ले नै दिइका छन् । विद्यालयबाट बारम्बार सहयोगको माग भएको भन्ने उत्तर ५०℅ ले दिएका छन् । शरणार्थी प्रभावित क्षेत्रमा पर्ने विद्यालय भएकाले भन्ने उत्तरमा २५℅ उत्तरदाता रहेका छन् । शरणार्थी अध्ययनरत विद्यालय भन्ने उत्तरमा १५.५℅ ले मात्र उत्तर दिएका छन् । त्यसैले आर्थिक, भौतिक तथा वातावरणीय पक्ष कमजोर भएकाले भन्ने उत्तरमा सबैभन्दा बढी र बारम्बार सहयोग मागमा केही कमले उत्तर दिएका देखिन्छन् ।

सहयोग प्रदान गर्ने विद्यालयको छनौटका आधारमा केके रहेका छन् ? भन्ने प्रश्नको उत्तरबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको नियम अनुसार व्याख्या एवम् विश्लेषण गरिएको छ :

तालिका नं. चार : सहयोग प्रदान गर्ने विद्यालय छनोटका आधार

| क.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालयसँगको पूर्व सम्बन्ध | १ | १२.५ |
| २ | विद्यालयबाट बारम्बार सम्पर्क र प्रतिबद्धता व्यक्त | २ | २५ |
| ३ | सरकारी निकायको सिफारिस दयनीय अवस्था भएका | २ | २५ |
| ४ | विद्यालयबाट उपयुक्त माग प्रस्ताव पेस भएका आधारमा अवलोकन समेत भएमा | ४ | ५० |
| ५ | विद्यालयबाट प्रतिबद्धता सहितको माग प्रस्ताव उपयुक्त कार्य योजना यथार्थ समस्या एवम् आवश्यकता संस्थाको कार्यक्रम र बजेटको उपलब्धता | ८ | १०० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७।

माथिको तालिकाका आधारमा सहयोग प्रदान गर्ने विद्यालयको छनौट गर्ने आधार केके  हुन सक्दछन् भन्ने प्रश्नको उत्तरमा विद्यालयबाट प्रतिबद्धता सहितको माग प्रस्ताव, उपयुक्त कार्ययोजना, यथार्थ समस्या एवम् आवश्यकता संस्थाको कार्यक्रम र बजेटको उपलब्धताको आधार भन्ने उत्तरमा १००‰ ले उत्तर दिएका छन् । दयनीय अवस्था, उपयुक्त माग प्रस्ताव  र अवलोकनमा ५०‰ ले साथै सरकारी निकायको सिफारिस बारम्बार सम्पर्क र प्रतिवद्धता व्यक्तमा २५‰ ले उत्तर दिएका छन् । विद्यालयको पूर्व सम्बन्धमा केवल १२.५‰ ले मात्र उत्तर दिएका छन् । त्यसैले दयनीय अवस्था, उपयुक्त माग प्रश्ताव र अवलोकनका आधारमा छनौट गरिने कुरा निश्कर्ष निकाल्न सकिन्छ ।

लागत सहभागिताको स्थिति कस्तो छ भन्ने प्रश्नको जबाफमा गै.स. सं. का ८ जना सँगको अन्तर्वाताबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

तालिका नं. पाँच : लागत सहभागिताको स्थिति

| क.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सम्पूर्ण लागत संस्थाबाट नै बेहोरिन्छ | २ | ५० |
| २ | दुवैपक्षबाट बेहोरिन्छ | २ | २५ |
| ३ | संस्थाबाट ७५% र विद्यालयबाट २५% बेहोरिन्छ | १ | १२.५ |
| ४ | संस्थाबाट २५% र विद्यालयबाट ७५% बेहोरिन्छ | १ | १२.५ |
| ५ | दुई तिहाइ संस्थाबाट र एक तिहाइ विद्यालयबाट बेहोरिन्छ | ४ | ५० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७।

प्रस्तुत विवरणलाई निम्नअनुसार वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ :

चित्र नं. ३ : लागत सहभागिताको स्थिति




माथिको तालिका तथा चार्टका आधारमा दुबै पक्षबाट बराबरमा २५.०० ले, सम्पूर्ण लागत संस्थाबाट २५.०० ले, दुईतिहाइ संस्थाबाट एकतिहाइ विद्यालयबाट लागत बेहोरिन्छ भन्ने उत्तरमा ५०.०० ले र संस्था २५.०० र विद्यालय ७५.०० तथा विद्यालय २५.०० / संस्था ७५.०० बेहोर्नेमा १२.५.०० ले उत्तर दिएका छन्। त्यसैले सबैभन्दा बढी दुईतिहाइ संस्थाबाट र एकतिहाइ विद्यालयबाट बेहोरेको भन्ने उत्तर प्राप्त भएको छ।

प्राविधिक सेवाको अवस्था कस्तो छ भन्ने प्रश्नावली राखेर गरिएको अन्तर्वातामा गैर सहकारी संस्थाका प्रतिनिधि ८ जनाको उत्तरबाट प्राप्त सूचना तथा तथ्याङ्कलाई निम्नानुसार व्याख्या विश्लेषण गर्न सकिन्छ :

तालिका नं. छ : प्राविधिक सेवाको अवस्था

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालयबाट सम्पूर्ण व्यवस्था | ० | ० |
| २ | सहयोगी संस्थाबाट सम्पूर्ण व्यवस्था | २ | २५ |
| ३ | दुवै पक्षबाट व्यवस्था | ६ | ७५ |
| ४ | प्राविधिक सेवाको आवश्यकता पर्दैन | ० | ० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७।

माथिको तालिकाका आधारमा विद्यालयबाट सम्पूर्ण व्यवस्था र प्रविधिका सेवाके आवश्यकता पर्दैन भन्ने उत्तरमा ०.०० र सहयोगी संस्थाबाट सबै व्यवस्थामा २५.०० र सबैभन्दा बढी दुबै पक्षबाट व्यवस्था गरिन्छ भन्नेमा ७५.०० ले उत्तर दिएका छन् ।

सहयोग रकमको भुक्तानी प्रक्रियाका बारेमा एक प्रश्नावली राखेर गरिएको अन्तर्वाताबाट प्राप्त सूचना तथा तथ्याङ्हरू निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ :

तालिका नं. सात : सहयोग रकमको भुक्तानी प्रक्रिया

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कार्य आरम्भमा नै एकमुष्ट भुक्तानी | १ | १२.५ |
| २ | कार्यक्रम समापनपछि एकमृष्ट भुक्तानी | १ | १२.५ |
| ३ | कार्य सञ्चालनका आधारमा किस्ताबन्दी भुक्तानी | ६ | ७५ |
| ४ | विद्यालयले बेहोर्ने रकम बराबर कार्य गरेपछि सहयोगको रकम भुक्तानी | ० | ० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७ ।

माथिको तालिकाका आधारमा आरम्भमानै भुक्तानीमा र कार्यसम्पादन पश्चात एकमुष्ट भुक्तानीमा १२.५० ले र कार्य सम्पादनका आधारमा किस्ताबन्दी भुक्तानीमा ७५.०० ले उत्तर दिएका छन् । किस्ताबन्दीका आधारमा भुक्तानीमा सबैभन्दा बढीले उत्तर प्रदान गरेका छन् ।

## ४.२ आर्थिक तथा भौतिक व्यवस्थापनमा प्रभाव

सामुदायिक विद्यालयहरूमा प्राप्त हुने सरकारी अनुदानबाट केवबलसाधारण खर्चमात्र धान्ने अवस्था भएको सन्दर्भमा विद्यालयमा आवश्यक आर्थिक तथा भौतिक साधन जुटाउने कार्य समस्यामूलक बन्न जान्छ । विद्यालयका लागि कक्षाकोठा, फर्निच र पाठ्यपुस्तक, शौचालय, घेराबारा, कालोपाटी, पुस्तकालय, विज्ञान प्रयोगशाला आदि जस्ता भौतिक पक्षको व्यवस्थापन गर्न स्थानीय स्रोतले मात्र धान्न नसक्दा गैरसहकारी क्षेत्रको आर्थिक तथा भौतिक सहयोग आवश्यक पर्दछ । त्यसैले सामुदायिक विद्यालयको आर्थिक तथा भौतिक व्यवस्थापनमा गैरसहकारी संघसंस्थाको सहयोग पूर्वाधार विकासमा महŒवपूर्ण रहन्छ ।

गैरसहकारी संघसंस्थाको सहयोगले सामुदायिक विद्यालयको आर्थिक तथा भौतिक व्यवस्थापनमा कस्तो प्रभाव परेको छ भन्ने विषयमा अनुसन्धान गर्नका लागि नमुना छनौटमा परेका गै.स.सं. विद्यालयका प्रतिनिधिसँग अन्तर्वाता तथा छलफल गरिएको थियो । जसमा गै.स.सं.का ८ जना प्रतिनिधि र विद्यालयका अध्यक्ष, प्रअ र शिक्षक गरी जम्मा ५० जनासँग भौतिक व्यवस्थापनमा परेको प्रभाव सम्बन्धी प्रश्नावली राखिएको थियो । उक्त प्रश्नावलीहरूबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई निम्नानुसार प्रस्तुति व्याख्या एवम् विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४. २. १ आर्थिक व्यवस्थापनमा प्रभाव

सामुदायिक विद्यालयको आर्थिक व्यवस्थापनमा गै.स.सं.को सहयोगबाट परेको प्रभावका विषयमा छलफल र अन्तर्वाताका माध्यमबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई निम्नानुसार प्रस्तुति, व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ :

तालिका नं. आठ : विद्यालय आर्थिक व्यवस्थापनमा गै.स.स.को सहयोगले पारेको प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निर्माण तथा मर्मतमा आवश्यक आर्थिक स्रोत जुटाउन आवश्यक सहयोग | ४० | ८० |
| २ | शैक्षिक सुविधा वृद्धिमा आवश्यक आर्थिक स्रोत जुटाउन अप्रत्यक्ष सहयोग | २० | ४० |
| ३ | शैक्षिक वातावरण निर्माणमा आवश्यक आर्थिक स्रोत जुटाउन अप्रत्यक्ष सहयोग | २० | ४० |
| ४ | नियमित आयआर्जन गर्ने कार्यक्रममा लगानी गर्न प्रत्यक्ष सहयोग | १५ | ३० |
| ५ | आर्थिक व्यवस्थापनमा सहयोग पुगेन | ० | ० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७ ।

माथिको तालिकाका आधारमा आर्थिक व्यवस्थापनमा प्रभाव परेन भन्नेमा उत्तर प्राप्त भएनन् नियमित आय आर्जनमा लगानी गर्न प्रत्यक्ष सहयोगमा पुगेकोमा १५ जनाले अथवा ३० प्रतिशतले उत्तर दिएका छन्, शैक्षिक वातावरण निर्माण र शैक्षिक सुविधा वृद्धिमा

अप्रत्यक्ष सहयोग पुगेकोमा २०/२० जनाले ४०/४० प्रतिशत उत्तर प्राप्त भएका छन् । निर्माण तथा मर्मतमा आवश्यक आर्थिक स्रोत जुटाउन अप्रत्यक्ष सहयोग पुगेकोमा सबैभन्दा बढी ४० जनाले अथवा ८० को उत्तर प्राप्त भएको छ ।

यसैले सबैभन्दा बढी उत्तर प्राप्त भएकाले गै.स.सं को सहयोग कार्यक्रमबाट सामुदायिक विद्यालयमा निर्माण तथा मर्मत कार्यमा आवश्यक आर्थिक स्रोत जुटाउन अप्रत्यक्ष सहयोग पुगेको निश्कर्ष निकाल्न सकिन्छ । केही हदसम्म शैक्षिक सुविधा वृद्धि र वातावरण निर्माणमा सहयोग पुगेको र आर्थिक स्रोत जुटाउन आयआर्जन कार्यक्रममा प्रत्यक्ष सहयोग पुगेको देखिन्छ ।

## ४.२.२ भौतिक व्यवस्थापनमा प्रभाव

अन्तर्वाताका क्रमका गै.स.सं को सहयोगबाट भौतिक व्यवस्थापनका कुन कुन पक्षमा कस्तो सहयोग पुगेको छ भन्ने प्रश्नावली ५० जना प्रतिनिधिहरूसँग राख्दा प्राप्त भएका सूचना तथा तथ्याङ्कहरूलाई निम्नानुसार प्रस्तुति एवम् विश्लेषण गर्ने प्रयास गरिएको छ :

तालिक नं. नौ : भौतिक व्यवस्थापनमा प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कक्षा कोठा र फर्निचर सुविधा वृद्धि | ४० | ८० |
| २ | अलग अलग शौचालयको सुविधा | २५ | ५० |
| ३ | खानेपानीको व्यवस्था | १५ | ३० |
| ४ | घेराबाराको व्यवस्था | १५ | ३० |
| ५ | पुस्तकालय र प्रयोगशालाको व्यवस्था | १५ | ३० |
| ६ | बिजुली बत्ती र टेलिफोनको व्यवस्था | ० | ० |
| ७ | मर्मत संहार | ४० | ८० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७ ।

प्रस्तुत तथ्याङ्कलाई निम्नअनुसार वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ :

चित्र नं. ४ : भौतिक व्यवस्थापनमा प्रभाव




माथिको तालिका र चार्टका आधारमा बैकल्पिक उत्तरहरूमध्ये बिजुलीबत्ती र टेलीफोनको व्यवस्थामा कुनै उत्तर प्राप्त भएन । खानेपानीको व्यवस्था, घेराबाराको व्यवस्था र पुस्तकालय र प्रयोगशालाको व्यवस्थामा १५/१५ जनाले अथवा ३०/३०0० उत्तर प्राप्त भएका छन् । अलगअलग शौचालयको व्यवस्थामा ३५ जनाले अथवा ५०0० उत्तर प्राप्त भएका छन् । सबैभन्दा बढता ४० जनाले वा ८०0० उत्तर कक्षा कोठा  र फर्निचर सुविधा बृद्धि र मर्मत संहारमा प्राप्त भएको छ ।

तसर्थ माथिको व्याख्याका आधारमा गै.स.सं.को सहयोगबाट भौतिक व्यवस्थापन अन्तर्गत कक्षाकोठा र फर्निचर निर्माण साथै मर्मत संहारमा धेरै सहयोग पुगेको देखिन्छ ।

अन्तर्वाताका क्रममा गै.स.को सहयोगबाट सामुदायिक विद्यालयको भौतिक पक्षमा कति र कस्तो सुधार भएको छ भन्ने प्रश्नावली ५० जना प्रतिनिधिसँग राख्दा प्राप्त उत्तरहरूका आधारमा प्राप्त सूचना तथा तथ्याङ्कलाई निम्नानुसार प्रस्तुति व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ :

तालिका नं. दस : भौतिक पक्षमा प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रायः सबै पक्षमा सुधार भएको छ | १५ | ३० |
| २ | केही विद्यालयमा मात्र सुधार भएको छ | ३० | ६० |
| ३ | उल्लेखनीय सुधार भएको छैन | १० | २० |
| ४ | केही सुधार भएको छ तर संरक्षण भएको छैन | ४० | ८० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७ ।

माथिको तालिकाका आधारमा गै.स.सं. को सहयोगबाट भौतिक पक्षको सहयोग सम्बन्धी प्रश्नावलीको उत्तरहरूमा उल्लेखनीय सुधार भएको छैन  मा १० जनाले वा २० ०० ले, प्राय सबै पक्षमा सुधार भएको छ भन्नेमा १५ जनाले वा ३००० ले, केही विद्यालयमा मात्र सुधार भएको छ भन्नेमा ३० जनाले वा ६००० ले र सबैभन्दा बढी ४० जनाले वा ८००० ले केही सुधार भएको छ तर संरक्षण भएको छैन भन्ने उत्तर दिएका छन् ।

तसर्थ माथिको व्याख्या एवम् विश्लेषणबाट गै.स.स. को सहयोगबाट सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा केही सुधार भएको छ तर संरक्षण भएको छैन भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.३.१ शैक्षिक व्यवस्थापनमा पारेको प्रभाव

शैक्षिक व्यवस्थापन भन्नाले शैक्षिक कार्यक्रम सुचारु गर्नका लागि आवश्यकपर्ने पुस्तकालयमा पुस्तकको व्यवस्था, विज्ञान सामग्रीको व्यवस्था शैक्षिक सामग्रीको व्यवस्था, खेलकूद सामग्रीको व्यवस्था, छात्रवृत्तिको व्यवस्था, कम्प्युटर शिक्षाको व्यवस्था, अतिरिक्त क्रियाकलाप सञ्चालन, बालक्लब सञ्चालन, पाठ्यपुस्तको व्यवस्था आदि जस्ता शैक्षिक सुविधाको व्यवस्थालाई बुझिन्छ । सामुदायिक विद्यालयहरूमा आन्तरिक स्रोतको कमी र सरकारी अनुदानको अपर्याप्यता जस्ता कारणले शैक्षिक सुविधाको व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको हुन्छ । यसका लागि अन्य क्षेत्रबाट सहयोगको आवश्यकता पर्दछ । यस कार्यमा गैरसरकारी संघ संस्थाको आर्थिक, भौतिक तथा अन्य सहयोगको महŒjपूर्ण स्थान रहन्छ ।

सामुदायिक विद्यालयको यस किसिमको शैक्षिक व्यवस्थापनका विभिन्न पक्षमा गैरसहकारी संघसंस्थाले सहयोग पुऱ्याउने गरेको पाइन्छ । ती संस्थाहरूको यस किसिमको सहयोगबाट विद्यालयको शैक्षिक व्यवस्थापनमा के कस्तो प्रभाव परेको छ भन्ने विषयमा अनुसन्धान गर्नका गै.स.सं. का प्रतिनिधि ८ जना विद्यालय व्यवस्थापन समितिका १४ जना, प्रअ तथा शिक्षक गरी १४ जना, अभिभावकहरू ७ जना, विद्यार्थीहरू ७ जना गरी जम्मा ५० जना सरोकारवालासँगको अन्तर्वाता लिइको थियो । अन्तरवार्ताका क्रममा शैक्षिक व्यवस्थापनमा गै.स.सं. को सहयोगबाट के कस्ता शैक्षिक सुविधामा वृद्धि भएको छ भन्ने प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कको प्रस्तुति व्याख्या र विश्लेषण निम्नानुसार गर्ने प्रयास गरिएको छ :

तालिका नं. एघार : शैक्षिक सुविधा वृद्धिमा प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छात्रवृत्तिको व्यवस्था | २५ | ५० |
| २ | खेलकुद सामग्रीको व्यवस्था | २५ | ५० |
| ३ | शैक्षिक सामग्रीको व्यवस्था | २५ | ५० |
| ४ | विज्ञान सामग्रीको व्यवस्था | २५ | ५० |
| ५ | अतिरिक्त क्रियाकलाप सञ्चालन | २५ | ५० |
| ६ | बालक्लव सञ्चालन | २५ | ५० |
| ७ | स्कुल पोसाकको व्यवस्था | १० | २० |
| ८ | पाठ्यपुस्तकको व्यवस्था | १० | २० |
| ९ | कम्प्युटर शिक्षाको व्यवस्था | १० | २० |
| १० | शिक्षक तालिम तथा प्रशिक्षण | ५ | १० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७।

माथिको तालिका र स्तम्भ चित्रका आधारमा गै.स.सं. को सहयोगकबाट नमुना छनौटमा परेका सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा शिक्षक तालि तथा प्रशिक्षणको व्यवस्थापमा ५ जनाले अर्थात १० ले, पाठ्यपुस्तक र कम्प्युटर शिक्षाको व्यवस्थामा स्कुल पोसाकको व्यवस्थापनमा १०/१० जनाले वा २०/२० प्रतिशतले र छात्रवृत्ति, खेलकुद सामग्री, शैक्षिक सामग्री  विज्ञान समग्रीको व्यवस्था र अतिरिक्त क्रियाकलाप तथा बाल क्लब सञ्चालनमा २५/२५ जना अथवा ५०/५० प्रतिशतले उत्तर दिएका छन्।

यसरी सबैभन्दा बढी ५० आएका उत्तरहरूमा गै.स. को सहयोगले छात्रवृत्ति, खेलकुद सामग्री, शैीषक सामग्री, विज्ञान सामग्रीको व्यवस्था र अतिरिक्त क्रियाकलाप तथा बालक्लब सञ्चालनमा सुविधा वृद्धि भएको निश्कर्ष निकाल्न सकिन्छ।

अन्तर्वाताका क्रममा गै.स. सं. को सहयोगबाट नमुना छनौटमा परेका विद्यालयको शैक्षिक व्यवस्थापनमा के कस्तो सुधार भएको छ ? भन्ने प्रश्नावली राख्दा आएका उत्तरहरूबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कलाई निम्नानुसार प्रस्तुति, व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ :

तालिका नं. बाह्र : शैक्षिक सुधारमा प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामान्यमात्र सुधार | ४० | ८० |
| २ | पर्याप्त सुधार | १० | २० |
| ३ | अपेक्षाकृत सुधार भएन | ३० | ६० |

| | | | |
|---|---|---|---|
| ४ | पटक्कै सुधार भएको छैन | ० | ० |
| ५ | यस क्षेत्रमा गै.स.स.को सहयोग छैन | ५ | १० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७।

प्रस्तुत तथ्याङ्कलाई निम्नअनुसार वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ :

चित्र नं. ५ : शैक्षिक सुधारमा प्रभाव




माथिको तालिका र चित्रका आधारमा प्राप्त सूचना तथा तथ्याङ्कलाई हेर्दा सहयोग भएकै छैन मा ५ जनाले अथवा १०, पर्याप्त सुधार भएकोमा १० जनाले  वा २० प्रतिशत, अपेक्षकृत सुभार भएको छैन मा ३० जनाले वा ६० प्रतिशत र सामान्य सुधार भएको छ भन्ने मा ४० जनाले वा ८० उत्तर प्राप्त भएका छन्।

माथिको व्याख्याका आधारमा समान्य सुधार भएको छ मा सबैभन्दा बढी ४० जनाले वा ८०% उत्तर प्राप्त भएको हुँदा गै. स. सं. को सहयोगबाट सामुदायिक विद्यालयमा गै.स.सं. को सहयोगबाट शैक्षिक व्यवस्थापनमा सामान्य सुधार भएको छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

अन्तर्वाताका क्रममा गै.स.सं. को सहयोगबाट शैक्षिक क्रियाकलापमा के के सुधार भएको छ भन्ने प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कलाई निम्नानुसार प्रस्तुति, व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ :

तालिका नं. तेह्र : शैक्षिक क्रियाकलापमा प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यार्थी नियमितता | २५ | ५० |
| २ | बीचैमा विद्यालय छाड्ने प्रवृत्ति | १० | २० |
| ३ | कक्षा छुटाउने प्रवृत्ति | १० | २० |

| | | | |
|---|---|---|---|
| ४ | पुनः प्रवेशको दर | १० | २० |
| ५ | तह पूरा गर्ने दर | १० | २० |
| ६ | शिक्षक नियमितता र सक्रियता | १० | २० |
| ७ | शिक्षण सिकाइ क्रियाकलाप | ५ | १० |
| ८ | विद्यार्थी अनुशासन | ५ | १० |
| ९ | सिकाइको बाहिरी वातावरण | ३० | ६० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७।

माथिको तालिका र चित्रका आधारमा सबैभन्दा बढी सिकाइको बाहिरी वातावरणमा सुधारमा ३० जना वा ६० प्रतिशतले, विद्यार्थी नियमितता सुधारमा २५ जनाले वा ५०% ले विद्यालय छोड्ने, भाग्ने, पुनः प्रवेशदर, तह पूरागर्ने, शिक्षक नियमितता र सक्रियतामा १०/१० जनाले वा २०/२०% उत्तर दिइका छन्। शिक्षण सिकाइ क्रियाकलाप र विद्यार्थी अनुशासन सुधारम ५/५ जनाले वा १० /१०% उत्तर दिएका छन्।

माथिको व्याख्याका आधारमा सिकाइको बाहिरी वातावरणमा सुधारमा बढी सरोकारवालाले उत्तर छानेका ले गै.स.सं. को सहयोगबाट सामुदायिक विद्यालमा सिकाइको बाहिरी वातावरणमा सुधार भएको छ भन्ने निश्कर्ष निकाल्न सकिन्छ।

## ४.३.२ व्यवस्थापकीय सीप र दक्षतामा प्रभाव

व्यवस्थापकीय सीप तथा दक्षतालाई धारणात्मक, प्राविधिक र मानवीय गरी ३ भागमा बाड्न सकिन्छ। यी तीनै किसिमका सीप तथा दक्षतामा विकास भएमा मात्र व्यवस्थापनमा सुधार गर्न सकिन्छ। विचार, भावना तथा ज्ञानलाई धारणात्मक सीप, काम सिजिला र छिटो गर्न सक्ने क्षमता वा कार्य सम्पादन क्षमतालाई प्राविधिक सीप र मानवीय व्यवहार सम्बन्धित ज्ञान र प्रयोगलँर्य मानवीय सीप भनिन्छ। विद्यालय व्यवस्थापनमा पनि यस किसिमका व्यवस्थापकीय सीप तथा क्षमता आवश्यक ठानिन्छ। बारम्बार अभ्यास तथा प्रयोग र प्रयत्नबाट मात्र यस्ता सीप तथा सुधार हुन सक्दछ। गै. स. सं. को सहयोगबाट विद्यालयमा विभिन्न कार्यक्रम सञ्चालन हुँदा यी सीप तथा क्षमताको प्रयोग तथा अभ्यास हुन सक्दछ।

नमुना छनौटमा परेका ७ वटा विद्यालयको व्यवस्थापनमा के कस्तो सुधार भएको अवस्था छ भन्ने अनुसन्धानका लागि ५० सरोकारवाल प्रतिनिधिहरू (संघसंस्थाका प्रतिनिधि,

विद्यालयका प्रतिनिधि र स्थानीय अभिभावकहरू तथा विद्यार्थीहरूसँगको अन्तर्क्रियाका क्रममा गै.स. सं. को सहयोगबाट सामुदायिक विद्यालयमा के कस्तो सीप तथा दक्षतामा सुधार आएको छ ? भन्ने प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङकलाई निम्नानुसार प्रस्तुति, व्याख्या र विश्लेषण गर्न प्रयास गरिएको छ ।

तालिका नं. चौध : सीप र दक्षतामा सुधार

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यवस्थापकीय सीपको अभ्यास मात्र | २५ | ५० |
| २ | व्यवस्थापकीय सीपको अभ्यास र प्रयोग | २५ | ५० |
| ३ | व्यवस्थापकीय सीपको अभ्यास, प्रयोग र सुधार | ४८ | ८० |
| ४ | सुधार भएको छैन | ० | ० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७ ।

माथिको तालिकालाई विश्लेषण र व्याख्या गर्दा व्यवस्थापकीय सीप र दक्षतामा परेको प्रभावमा अभ्यास मात्रमा ५०꠰꠰ अभ्यास र प्रयोगमा पनि ५०꠰꠰ र अभ्यास, प्रयोग र सुधारमा ८०꠰꠰ उत्तर दिएका छन् । यसबाट गै.स.सं. को सहयोग कार्यक्रम सञ्चालनबाट वि.व्य. स. र विद्यालय प्रशासनमा आवश्यक व्यवस्थापकीय धारणात्मक, मानवीय र प्राविधिक सीपको अभ्यास, प्रयोग र सुधार भएको देखिन्छ ।

नमुना छनौटको गै.स.सं. र विद्यालयका ५० प्रतिनिधिसँग अन्तर्वार्ताका क्रममा गै. स. सं. को सहयोगबाट विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनमा कस्ता धारणात्मक सीप तथा दक्षतामा सुधार भएको छ भन्ने प्रश्नावली चार्ट प्राप्त सूचना तथा तथ्याङ्कलाई निम्नानुसार व्याख्या एवम् विश्लेषण गर्ने प्रयास गरिएको छ :

तालिका नं. पन्ध्र : धारणात्मक सीपमा प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दूरदृष्टि, उद्देश्य र रणनीति निर्धारण गर्ने | २५ | ५० |
| २ | समस्या तथा आवश्यकताको पहिचान तथा स्रोत र साधनको परिचालन गर्नै | ४० | ८० |
| ३ | व्यवस्थापकीय सिद्धान्त, धारणा, विधि र प्रविधि | २० | ४० |

| | | | |
|---|---|---|---|
| | आदिको खोज, अभ्यास र प्रयोग | | |
| ४ | धारणात्मक सीपमा सुधार भएन | ० | ० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७ ।

माथिको तालिका र चार्टको विश्लेषण गर्दा धारणात्मक सीपमा सुधार भएनमा ०००, सिद्धान्त, विधि र प्रविधि आदिको खोज, अभ्यास, प्रयोग र मूल्याङ्कन गर्नेमा ४००० ले, दूरदृष्टि, खोज, उद्देश्य, लक्ष्य र रणनीति निर्धारण गर्नेमा ५००० ले र सबैभन्दा बढी समस्या तथा आवश्यकताको पहिचान तथा स्रोत र साधनको परिचालन गर्नेमा ८००० ले उत्तर दिएको देखिन्छ । त्यसैले गै.स.सं. सँग मिलि विद्यालय निर्माण तथा सुधारका कार्यक्रम सञ्चालन गर्दा वि.व्य.स. र वि. प्र. मा समस्या तथा आवशयकताको पहिचान तथा स्रोत र साधनको परिचालन गर्ने जस्ता धारणात्मक सीपको विकास भएको देखिन्छ ।

अन्तर्वाताका क्रममा विद्यालय र गै.स.सं. का ५० जना प्रतिनिधिसँग गै.स.सं. को सहयोगमा कार्यक्रम सञ्चालन गर्दा विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनमा के कस्ता मानवीय सीपको विकास भएको छ भन्ने प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कलाई निम्नानुसार व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ :

तालिका नं. सोह्र : मानवीय सीपमा प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निर्णय गर्ने, नेतृत्व गर्ने, प्रभाव पार्ने, उत्प्रेरणा प्रदान गर्ने, सम्बन्ध विस्तार गर्ने र समन्वय गर्ने | ३० | ६० |
| २ | विकल्पको खोजी गर्ने, सहभागिता जुटाउने, द्वन्द्व व्यवस्थापन गर्ने, जवाफदेही हुने र अनुशासनमा रहने | २० | ४० |
| ३ | मिजासिलो, धैर्य र स्वस्थ रहने साथै समस्या समाधान गर्ने | १० | २० |
| ४ | मितव्ययिता, पारदर्शिता र इमानदारिता | ३० | ६० |
| ५ | मानवीय सीप र क्षमतामा सुधार भएन | ० | ० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७ ।

माथिको तालिकाका आधारमा मानवीय सीप र क्षमतामा विकास भएन भन्ने उत्तर कसैबाट पनि आएन । मिजासिलो , धैर्य र स्वस्थ्य रहने साथै समस्या समाधान गर्ने भन्ने उत्तरमा २०% उत्तर आएको , विकल्पको खोजी गर्ने सहभागिता जुटाउने, द्वन्द्व व्यवस्थापन गर्ने , जवाफदेही हुने र अनुशासनमा रहने भन्ने उत्तरमा ४०% ले दिएको निर्णय गर्ने, नेतृत्व गर्ने प्रभाव पार्ने, उत्प्रेरणा प्रदान गर्ने, सम्बन्ध विस्तार गर्ने र समन्वय गर्ने भन्ने उत्तरमा र मितव्ययीता, पारदर्शीता र इमान्दारिता भन्ने दुबै उत्तरमा बराबर ६०% ले उत्तर दिएका छन् । यसबाट यी दुई समूहका सीपको विकासमा धेरैको उत्तर आएकाले नेतृत्व विकास लगायतका सीपर मितव्ययिता लगायतका सीपको विकासमा प्रभाव परेको निष्कर्ष निकाल्न सकिन्छ ।

अन्तर्वाताका क्रममा विद्यालय र गै.स.सं. का प्रतिनिधि गरी ५० जना सरोकारबालासँगको गै.स.सं. को सहयोग कार्यक्रम सञ्चालन गर्दा वि.व्य.स. र विद्यालय प्रशासनमा के कस्ता प्राविधिक सीप तथा क्षमतामा सुधार भएको महसुस गरिएको छ भन्ने प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कलाई निम्नानुसार व्याख्या एवम् विश्लेषण गरिएको छ :

तालिका नं. सत्र : प्राविधिक सीप तथा क्षमतामा प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | योजना कार्ययोजना तथा बजेट निर्माण गर्ने सीप | ३० | ६० |
| २ | सूचना, अभिलेख, तथ्याङ्क प्रशोधन तथा विश्लेषण र रिपोर्ट तयार गर्ने सीप | ५ | १० |
| ३ | नयाँ प्रविधिको उपयोग एवम् प्रयोग गर्ने सीप | १० | २० |
| ४ | प्राथमिकता निर्धारण, नियन्त्रण र परिचालन गर्ने सीप | २५ | ५० |
| ५ | कुनै प्राविधिक सीप र क्षमतामा सुधार भएन | ० | ० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७ ।

माथिको तालिकाका आधारमा प्राविधिक सीप क्षमतामा सुधार भएन त भन्नेमा कुनै उत्तर आएन । नयाँ  प्रविधिको उपयोग र प्रयोगमा १० जनाले वा २०% ले, सूचना अभिलेखन,

तथ्याङ्क प्रशोधन र विश्लेषणमा ५ जनाले वा १०% ले मात्र उत्तर दिएका छन् । प्राथमिकता निर्धारण नियन्त्रण र परिचालन सीपमा २५ जनाले वा ५०% ले, योजना कार्ययोजना , कार्यक्रम तथा बजेट निर्माण गर्ने सीपमा ३० जनाले वा ६०% ले उत्तर दिएका छन् ।

त्यसैले प्राथामिकता निर्धारण, नियन्त्रण,परिचालन, सीप र योजना, कार्ययोजना, कार्यक्रम तथा बजेट निर्माण गर्ने सीपमा क्रमशः ५० र ६० ले उत्तर दिएका हुनाले गै.स.सं. को सहयोग कार्यक्रमबाट वि.व्य. स. र विद्यालय प्रशासनमा योजना, कार्ययोजना, कार्यक्रम तथा बजेट निर्माण गर्ने सीप र प्राथामिकता निर्धारण, नियन्त्रण रपरिचालन सीप जस्ता प्राविधिक सीपमा सुधार एवम् विकास भएको निष्कर्ष निकाल्न सकिन्छ ।

अन्तर्वाताका क्रममा विद्यालय र गै.स.सं. का प्रतिनिधिहरू गरी जम्मा ५० जना सरोकारवालासँग गै.स.सं. बाट प्राप्त सहयोग कार्यक्रम सञ्चालनले वि.व्य.स. र विद्यालय प्रशासनमा केकस्ता आधुनिक व्यवस्थापकीय धारण तथा विधिको प्रयोग एवम् अभ्यास भएको महसुस गर्नु भएको छ भन्ने प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कलाई निम्नानुसार व्याख्या एवम् विश्लेषण गर्ने प्रयास गरिएको छ :

तालिका नं. अठार : आधुनिक व्यवस्थापनका धारणा तथा विधिमा प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहभागितामूलक व्यवस्थापन विचारधारा | ४० | ८० |
| २ | परिस्थितिमूलक व्यवस्थापन विचारधारा | ३० | ६० |
| ३ | स्थलगत आधारित व्यवस्थापन | २० | ४० |
| ४ | सम्पूर्ण गुणस्तरीय व्यवस्थापन | २० | ४० |
| ५ | समूह व्यवस्थापन | १० | २० |
| ६ | समय तथा दबाब व्यवस्थापन | ० | ० |
| ७ | पुन:निर्माण व्यवस्थापन | १० | २० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७।

उपर्युक्त तथ्याङ्कलाई निम्नअनुसार वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ :

चित्र नं. ६ : आधुनिक व्यवस्थापनका धारणा तथा विधिमा प्रभाव




माथिको तालिका तथा रेखाचित्रका आधारमा वैकल्पिक उत्तरमध्ये सहभागितामूलक व्यवस्थापन विचारधारामा ४० जना वा ८०% ले, परिस्थितिमूलक व्यवस्थापन विचारधारामा ३० जनाले वा  ६०% ले उत्तर दिएका छन् । सम्पूर्ण गुणस्तरीय व्यवस्थापन र स्थलगत आधारित व्यवस्थापनमा २०/२० जनाले वा ४०/४०% ले उत्तर दिएका छन् । पुन: निर्माण र समूह व्यवस्थापनमा १० /१० वा २०/२०% ले उत्तर दिएका छन् । एकता निर्माण र समय तथा दवाव व्यवस्थापनमा कसैले पनि उत्तर दिएका छैनन् ।

माथिको विश्लेषणका आधारमा गै.स.सं. का सहयोग कार्यक्रमबाट वि.व्य.स. र विद्यालय प्रशासनमा आधुनिक व्यवस्थापन विचार धाराहरूमध्ये सहभागितामूलक र परिस्थितिमूलक व्यवस्थापन विचार धारामा सबैभन्दा बढीले उत्तर दिएकाले सहभागिता मूलक व्यवस्थापन र परिस्थितिमूलक व्यवस्थापन विचार धाराको प्रयोग एवम् अभ्यास भएको निष्कर्ष निकाल्न सकिन्छ ।

अन्तर्वाताका क्रममा गै.स.सं. र विद्यालयका प्रतिनिधिहरू गरी जम्मा ५० जना सरोकारवालासँग गै.स.सं.को सहयोग कार्यक्रम सञ्चालनले वि.व्य.स. शिक्षक अभिभावकमा के कस्ता विषयमा परिवर्तन देखिएका छन् भन्ने प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई निम्नानुसार व्याख्या एवम् विश्लेषण गर्ने प्रयास गरिएको छ :

तालिका नं. उन्नाईस : कार्यसञ्चालनमा परिवर्तन

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहभागितामूलक बढेको देखिन्छ | ४० | ८० |
| २ | व्यवस्थापकीय क्षमतामा सुधार देखिन्छ | ४० | ८० |
| ३ | परनिर्भरता बढेको देखिन्छ | ५ | १० |
| ४ | निष्क्रियता बढेको देखिन्छ | ० | ० |
| ५ | विद्यालय सुमदाय सम्बन्ध सुधार भएको छ | ३० | ६० |
| ६ | स्थानीय स्रोत र साधनको परिचालन भएको छ | ३० | ६० |
| ७ | परिवर्तन देखिएन | ० | ० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७ ।

माथिको तालिकाका आधारमा वैकल्पिक उत्तरहरूमध्ये सहभागिता बढेको र व्यवस्थापकीय क्षमतामा सुधारमा ४०/४० जनाले वा ८०%, ८०% ले उत्तर दिएका छन् । विद्यायल समुदाय सम्बन्ध सुधार र स्थानीय स्रोत र साधनको परिचालनमा ३०/३० जनाले वा ६०/६०% ले उत्तर दिएका छन् । परनिर्भरता बढेको मा ५ जना वा १०% ले उत्तर दिएका छन् । निष्कृयता बढेका र परिवर्तन देखिएनमा उत्तरहरू आएनन् । माथिको व्याख्याका आधारमा गै.स.सं. को सहयोग कार्यक्रम सञ्चालनबाट वि.व्य.स. र शि.अ. संघमा सहभागितामा वृद्धि र व्यवस्थापकीय क्षमतामा सुधार बढी प्रतिशतले उत्तर दिएका हुनाले सोही निष्कर्ष निकाल्न सकिन्छ ।

अन्तर्वाताका क्रममा नमुना छनौटमा परेका ७ विद्यालयका ६/६ जना गरी जम्मा ४२ जना प्रतिनिधिहरूसँग सहयोगी संस्थाको सहयोग र त्यसको परिचालनमा कस्तो विशेषता पाउनु भयो भन्ने प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गर्ने प्रयास गरिएको छ :

तालिका नं. बीस : संस्थाको सहयोग र त्यसको परिचालनमा प्रभाव

| क्र.स. | प्राप्त उत्तरहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहयोग र परिचालमा स्पष्टता | १२ | २९ |
| २ | सहयोग र परिचालनमा नियमितता | ३५ | ८३ |
| ३ | सहयोग परिचालनमा जटिलता | ५ | १२ |
| ४ | सहयोग परिचालनमा इमानदारिता | ३५ | ८३ |
| ५ | खासै छुट्टै विशेषता पाइएन | ० | ० |

स्रोत : अन्तर्वार्ता सूची, २०६७।

माथिको तालिकाका आधारमा वैकल्पिक उत्तरहरूमध्ये सबैभन्दा बढ्ता ३५/३५ जना अथवा ८३/८३०० प्रतिशतले सहयोग र परिचालनमा नियमितता र इमानदारितामा उत्तर दिएका छन् । सहयोग र परिचालनमा स्पष्टमा १० जना वा २९०० ले मा त्र उत्तर दिएका छन् । त्यसैगरी सहयोग परिचालनमा जटिलतामा ५ जनाले वा १२०० ले मात्र उत्तर दिएका छन् । छुट्टै विशेषता पाइएन भन्ने उत्तर कसैले पनि रोजका छैनन् ।

माथिको व्याख्या र विश्लेषणका आधारमा सहयोगी संस्थाको सहयोग र त्यसको परिचालनमा नियमितता र इमानदारिता जस्ता विशेषताहरूमा धेरै उत्तर रोजेकाले सोही निष्कर्ष निकाल्न सकिन्छ ।

## ४. ४. गैरसरकारी संस्थाको सहयोग र परिचालनमा देखिएका समस्या

मोरङ जिल्ला अन्तर्गत शनिश्चरे र पथरी गाविसका सामुदायिक विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक सुधारका लागि राष्ट्रिय तथा अन्तर्राष्टिय गै.स.सं. को सहयोग प्राप्त भैरहेको छ । सहयोग प्राप्त गर्ने, त्यसको परिचालन गर्ने र सहि व्यवस्थापन निश्चय गर्ने जटिल कार्य हो । त्यसैले यस सम्बन्धमा पनि प्रसस्तै चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ । विद्यालय व्यवस्थापन आफैमा विभिन्न समस्याहरूको कुशल समाधान गर्ने प्रक्रिया

हो। विद्यालयको व्यवस्थापनमा सहयोग पुऱ्याएर शैक्षिक विकास गर्ने अभिप्रायबाट विभिन्न किसिमका आर्थिक तथा भौतिक सहयोग प्रदान गर्ने र त्यसको परिचालनमा पनि प्रशस्तै समस्याहरू हुन सक्दछन् ।

यस अनुसन्धानकार्यमा गै.स.सं.का प्रतिनिधिहरू, वि.व्य.स.का पदाधिकारीहरू, शि.अ. सङघका पदाधिकारीहरू, स्थानीय अभिभावकहरू, प्रधानाध्यापकहरू, शिक्षक र विद्यार्थीहरू सँगको अन्तर्वार्ता र छलफलबाट गै.स.सं. को सहयोग कार्यक्रमको प्राप्ति र परिचालन सम्बन्धी तल उल्लिखित समस्या तथा सुझावहरू अभिव्यक्त भएका छन् :

## ४.४.१ विद्यालयसँग सम्बन्धित समस्याहरू

- विद्यालयका भौतिक तथा शैक्षिक समस्याहरूको सहि ढङ्गले पहिचन गर्न नसक्नु ।
- समस्याहरूको समाधानका लागि विकल्पहरूको खोजी गरी छनौट गर्ने क्षमतामा कमी हुनु ।
- स्थानीय स्रोतको पहिचान र परिचालनमा कमजोर क्षमता रहनु ।
- जनसहभागिता, पारदर्शिता र इमानदारितमा कमी देखिनु ।
- सहि, उपयुक्त, यथार्थ र कार्यन्वयन गर्न सकिने खालका योजना निर्माण गर्ने क्षमतामा कमी ।
- विद्यालयहरूमा आन्तरिक स्रोतको कमी हुनु ।
- विद्यालयहरूमा राजनैतिक प्रभावबाट खिचातानी हुनु ।
- विद्यालयका यथार्थ एवम् वस्तुगत समस्याहरूलाई सहि ढङ्गले व्याख्या गरेर दातृनिकायहरूलाई बुझाउने क्षमतामा कमी देखिनु ।
- वि. व्य. स. तथा विद्यालय प्रशासनको सक्रियतामा कमी हुनु ।
- वि. व्य. स. तथा विद्यालय प्रशासनमा व्यवस्थापकीय सीप र क्षमतामा कमी हुनु ।
- विद्यालयको भौतिक सम्पत्तिको सुरक्षाका लागि प्रभावकारी नीति नियम बनाएर कार्यान्वयन गर्न नसक्नु ।
- शिक्षक, विद्यार्थीमा नियमितता र अनुशासन कायम गर्न नसक्नु ।
- विद्यायलमा सहि मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था मिलाउन नसक्नु ।

## ४.४.२ समुदायसँग सम्बन्धित समस्याहरू

- विद्यालयप्रति चासो कम हुनु ।
- विद्यालयलाई माया गर्ने बानी नहुनु ।
- विद्यालयको आर्थिक तथा भौतिक सम्पत्ति सुरक्षामा बेवस्ता गर्नु ।
- सरकार तथा दातृ निकायमा भरपर्ने मानसकिता बढदै जानु ।
- दातृ निकायको सहयोग कार्यक्रममा आवश्यक सहयोग पुऱ्याउन तत्परता नदेखाउनु ।
- वि.व्य.स. तथा विद्यालय प्रशासनलाई व्यवस्थापन कार्यमा सहयोग गर्नुपर्छ भन्ने भावनामा कमी रहनु ।
- विद्यालयमा राजनैतिक दवाव पार्नु ।
- सामुदायिक विद्यालयमाभन्दा निजी विद्यालयमा चासो राख्नु ।
- शिक्षित तथा चेतनशील समुदायले सामुदायिक विद्यालयमा छोराछोरीहरू नपढाउनु ।
- शिक्षाको अवश्यकता तथा महŒव नबुभ्नु ।

## ४.४.३ सरकारी निकायसँग सम्बन्धित समस्याहरू

- स्थानीय निकायहरूले विद्यालयको आर्थिक तथा भौतिक विकासमा पर्याप्त ध्यान नदिनु ।
- दातृ निकायहरूसँग चासो राखेर समन्वयमा तत्परता नदेखाउनु ।
- उपयुक्त एवम् प्रभावकारी नीति नियमहरू निमार्ण तथा कार्यन्वयमा कमजोर रहनु ।
- विद्यालयहरूमा पर्याप्त अनुगमन तथा निरीक्षण हुन नसक्नु ।
- वि.व्य. स. तथा विद्यालय प्रशासनको व्यवस्थापकीय सीप र क्षमताको विकासमा पर्याप्त ध्यान पुऱ्याउन नसक्नु ।
- निष्पक्ष, पारदर्शी र इमानदारीपूर्वक सहयोग प्रदान गरिनु पर्ने विद्यालयको पहिचान तथा छनौट गर्न नसक्नु ।
- दातृ निकायहरूको सहयोगको उचित कदर गर्न नसक्नु ।
- अनावश्यक ठाउँमा पनि विद्यालय खोल्ने अनुमति दिनु ।
- शैक्षिक गुणत्तर विकासमा पर्याप्त ध्यान नपुऱ्याउनु ।
- विद्यालयमा राजनैतिक हस्तक्षेप कम गर्ने उपायको खोजी हुन नसक्नु ।
- सही मूल्याङ्कन गरेर पुरस्कार र दण्डको व्यवस्था कमजोर हुनु ।
- शिक्षामा लगानी बढाउने कार्यमा बेवस्ता गरिनु ।

- सामुदायिक विद्यालयलाई समुदायमा सुम्पिएर सरकार पन्छिन खोज्नु ।

### ४.४.४ सहयोगी संस्थासँग सम्बन्धित समस्याहरू

- सहयोग प्रदान गर्ने निर्णय प्रक्रियामा पारदर्शीता कम हुनु ।
- वास्तविक समस्या र कमजोर अवस्थाको सही पहिचान गर्न नसक्नु ।
- संस्थाका तत्कालीन सहयोग सम्बन्धी कार्यक्रमबारे विद्यालयमा जानकारी नगराउनु ।
- सहयोग माग गर्नका लागि बारम्बार दौडधुप गर्नुपर्ने वातावरणलाई क मगर्न नसक्नु ।
- सहयोग कार्यक्रम सञ्चालनमा पर्याप्त निरीक्षण तथा अनुगमन हुन नसक्नु ।
- विद्यालयका भौतिक तथा आर्थिक बाहेकका अन्य पक्षमा पनि सहयोग पुऱ्याउनु पर्ने कुरा महसुस नहुनु ।
- प्राविधिक सेवाको क्षेत्रमा सहयोग कम रहनु ।
- पूर्व सम्बन्ध तथा मित्रताका आधारमा पनि सहयोग कार्यक्रम प्रदान गरिनु
- सहयोग माग गर्न कम भएका विद्यालयहरूमा सहयोग पुऱ्याउनमा प्राथमिकता दिन नसक्नु ।
- लागत सहभागितामा विद्यालयलाई बढी भार ग्रहण गर्न लगाउनु ।
- कार्यक्रमका लागि आवश्यक पर्ने पर्याप्त आर्थिक तथा भौतिक सहयोग पुऱ्याउन नसक्नु ।
- व्यवस्थापकीय सीप क्षमता र परिचालन लगायतका कार्यन्वयन गर्ने सीप र क्षमता विकासमा सहयोग पुऱ्याउन नसक्नु ।

### ४.४.५ विविध समस्याहरू

- शैक्षिक वातावरणमा शुद्धतामा दिनानुदिन घटदै  जानु ।
- आज जनसमुदायमा शिक्षाको जिम्मेबारी सहसुस हुन नसक्नु ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाप्रति लगानी कम हुनु र आकर्षणसमेत कम हुनु ।
- सामाजिक अनुशासन, इमानदारिता तथा जबाफदेहितामा दिनानुदिन कम हुँदै जानु ।
- स्थानीय स्रोत र साधनको कमी बढ्दै जानु ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५. १. प्राप्ति

सामुदायिक विद्यालयमा गैरसहकारी संध संस्थाको सहयोगले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव नामक शोधकार्यमा नमूनाछनोटमा परेका विद्यालय र गै.स.स. का प्रतिनिधिहरूसँगको अन्तर्वाता, प्राप्त विवरण, विद्यालयका अभिलेखहरू विद्यालय सुधार योजना, स्मारिका आदिको विश्लेषणबाट निम्नानुसार प्राप्तिहरू भएका छन् :

नमुना छनोटमा परेका विद्यालयहरूको भौतिक अवस्था अझ पनि अपर्याप्त भएतापनि धेरै कामचलाउको स्थितिमा र कालोपाटी र डेक्सबेञ्च केही हदसम्म पर्याप्त भएको पाइयो । नमुना छनोटमा परेका विद्यालयहरूमा लथरुन, विश्व सेवा,प्लान नेपाल, ग्रामीण पुननिर्माण संस्था, क्यारिटास् नेपाल आदि अन्तराष्ट्रिय गै.स.स. हरूले भौतिक निर्माणमा प्रशस्तै सहयोग पुऱ्याएको पाइयो । अन्तराष्ट्रिय गै.स.स.हरूले सहयोगको अधिकांश भाग भौतिक निर्माणमा सहयोग गरेको तर शैक्षिक व्यवस्थापनमा कम मात्र सहयोग गरेको पाइयो । राष्ट्रिय तथा स्थानीय गै.स.स.हरूले आÇनो सहयोगको अधिकांश भाग छात्रवृत्ति, पाठ्यपुस्तक, बाल क्लब सञ्चालन र वातावरण सुधारमा प्रदान गर्ने गरेको पाइयो । गै.स.स.हरूले आर्थिक, भौतिक तथा वातावरणीय पक्ष कमजोर भएका विद्यालयहरूलाई प्रतिबद्धतासहितको माग प्रस्ताव, कार्ययोजना, यथार्थ समस्या तथा आवश्यकता, सहयोगी संस्थाको कार्यक्रम  र बजेटको उपलब्धता आदिका आधारमा सहयोग प्रदान गरेको पाइयो । लागत सहभागीता, प्राविधिक सेवामा सहभागीता, जस्ता कुरामा ध्यान दिँदै विद्यालयहरूले कार्य सञ्चालनका आधारमा किस्ताबन्दी रुपमा सहयोग प्राप्त गरेको पाइयो । गै.स.स. बाट निर्माण तथा मर्मतमा आवश्यक आर्थिक स्रोत जुटाउन आवश्यक सहयोग पुऱ्याउन, कक्षा कोठा र फर्निचर सहयोगमा बृद्धि गर्न, शौचालय निर्माण गर्न, वातावरण निर्माण गर्न, शैक्षिक सुविधा बृद्धि गर्न, घेराबाराको व्यवस्था गर्न, मर्मत तथा संहार गर्न प्राप्त कार्यमा आर्थिक तथा भौतिक सहयोग पुऱ्याएको पाइयो। जसबाट विद्यालयहरूको भौतिक वातावरणमा केही सुधार भएको छ । तर प्राप्त सहयोगको उचित सदुपयोग र संरक्षण भने सन्तोषजनक नरहेको पाइयो ।

शैक्षिक व्यवस्थापनमा छात्रवृत्तिको व्यवस्था, खेलकुद सामग्रीको व्यवस्था, शै.सा. को व्यवस्था विज्ञान सामग्रीको व्यवस्था, अतिरिक्त क्रियाकलाप सञ्चालन, बाल क्लब सञ्चालन

आदि जस्ता क्षेत्रमा गै.स.सं.बाट सहयोग पुऱ्याएको पाइयो । यसबाट शैक्षिक व्यवस्थापनमा सामान्य मात्र सुधार भएको पाइयो । गै.स.सं.को आर्थिक भौतिक रुपमा शैक्षिक व्यवस्थापनका क्षेत्रमा गरेका सहयोगले सिकाइको वातावरणमा केही सुधार भएर विद्यार्थी तथा शिक्षक नियमितता बढने, जस्ता पक्षमा सकारात्मक प्रभाव परेको पाइयो । कक्षा छुटाउने, बीचैमा विद्यालय छोड्ने आदि जस्ता समस्यामा पनि केही सुधार आएको पाइयो ।

गै.स.सं. को सहयोग कार्यक्रमबाट सामुदायिक विद्यालयको व्यवस्थापनमा व्यवस्थापकीय सीपको प्रयोग, अभ्यास र सुधार भएको छ । जसबाट समस्या तथा आवश्यकताको पहिचान गर्ने तथा स्रोत साधनको परिचालन गर्ने जस्ता धारणात्मक सीपमा निर्णय गर्ने, नेतृत्व गर्ने, प्रभाव पार्ने, उत्प्रेरणा प्रदान गर्ने, सम्बन्ध विस्तार गर्ने, समन्वय गर्ने, इमानदारिता, पारदर्शीता र मितव्ययिता जस्ता मानवीय सीप, योजना, कार्ययोजना तथा बजेट निर्णय गर्ने प्राथमिकता निर्धारण गर्ने नियन्त्रण गर्ने, परिचालन गर्ने जस्ता प्राविधिक सीप र क्षमतामा केही विकास र सुधार भएको पाइयो । गै. स. सं. को सहयोग कार्यक्रम सञ्चालनबाट सहभागीतामा वृद्धि, व्यवस्थापकीय क्षमताको विकास, विद्यालय समुदाय सम्बन्धमा केही सुधार भएको पाइयो । प्रायः वि. व्य. स. र विद्यालय प्रशासनमा सहभागीतामूलक व्यवस्थापन विचारधारा, परिस्थितिमूलक व्यवस्थापन बिचारधारा र स्थलगतमा आधारित व्यवस्थापन जस्ता आधुनिक व्यवस्थापकीय धारणाहरूको प्रयोग र अभ्यासको समेत अवसरहरू प्राप्त भएको पाइयो । प्राप्त सहयोगको परिचालनमा नियमिता र इमानदारीता जस्ता विशेषताहरू देखिन थालेको पाइयो ।

सही, उपयुक्त, यथार्थ र कार्यान्वयन गर्न सकिने खालका योजना निर्माण गरी स्थानीय स्रोत र साधनको परिचालन गर्दै परिस्थितिमूलक व्यवस्थापन गर्न नसक्नु, विद्यालयसँग सम्बन्धित समस्याहरू रहेको पाइयो । स्रोत र साधनको कमी, राजनैतिक प्रभाव, इमानदारिता र पारदर्शीतामा कमी जस्ता समस्याहरू पनि विद्यालयमा रहेको पाइयो । समुदायको विद्यालयप्रति चासो कम हुनु, शिक्षाको आवश्यकता र महŒव नबुभ्नु, परनिर्भरता रहनु जस्ता समुदायसँग सम्बन्धी समस्याहरू रहेको पाइयो । प्रभावकारी अनुगमन र निरीक्षण नहुनु, जताजतै विद्यालय खोल्ने अनुमति दिनु, वि. व्य. स. तथा विद्यालय प्रशासनको व्यवस्थापकीय क्षमताको विकास गराउन नसक्नु, उपयुक्त नीति तथा कार्यक्रम बनाउन नसक्नु जसमा दातृ निकायहरूसँग समन्वय गर्ने चासो नराख्नु आदि जस्ता समस्याहरू सरकारी निकायमा रहेको पाइयो । कमजोर विद्यालय पहिचान गर्न

नसक्नु, पारदर्शीतामा कमी हुनु, शैक्षिक गुणस्तर विकासमा सहयोगमा कम हुनु, प्राविधिक सेवा कम हुनु, सहयोगको राशी कम हुनु जस्ता समस्याहरू सहयोगी संस्थासँग सम्बन्धित रहेको पाइयो । सामाजिक अनुशासन ह्रास सरकारी परनिर्भरता, जवाफदेहितामा कमी, सक्रियातामा कमी, जस्ता विविध समस्याहरू पनि रहेको पाइयो ।

व्यवस्थापकीय तालमेलको व्यवस्था, दण्ड र पुरस्कारको व्यवस्था, राजनैतिक प्रभाव घटाउने वातावरण निर्माण, समुदायको चासोमा वृद्धि, विद्यालयमा प्रशासनिक कर्मचारीको राम्रो व्यवस्थापन आदि जस्ता पक्षमा सुधार भएमा वि. व्य. प्रभावकारी हुने सुझाव पाइयो ।

पर्याप्त अन्तरर्क्रिया र छलफल, र विद्यालय सम्बन्ध सुधार पारदर्शीता, इमानदारिता र सहभागीतामा सुधार व्यवस्थापकीय र प्रशासनिक काममा सेवा सुविधाको प्रर्याप्त व्यवस्था, सूचना तथा अभिलेख व्यवस्थापनमा सुधार आदि जस्ता पक्षमा ध्यान दिनुपर्ने सुझाव पाइयो । सरकार र दातृनिकायले शिक्षामा लगानी बढाएर नियमित अनुगमन र मूल्याङ्कन गर्ने परिपाटीको विकास,दातृ निकायको सहयोगको उचित मूल्याङ्कन गर्ने जस्ता कुरामा सुधार हुनुपर्ने सुझाब पाइयो । प्रभावकारी शैक्षिक नीति तथा नियमहरू निर्माण गरी सही ढङ्गले कार्यान्वयन गर्ने, शैक्षिक व्यवस्थापनमा सहयोग बढाएर शैक्षिक गुणस्तरमा वृद्धि गर्नुपर्ने आदि जस्ता कुरामा ध्यान दिन सुझाब पाइयो । योजना निर्माण गर्न नसक्ने तथा कमजोर व्यवस्थापन भएका प्रा. वि. नि.मा. वि. हरूको सहयोग माग गर्ने कार्यमा पहुच कम भएको पाइयो ।

## ५. २. निष्कर्ष

सामुदायिक विद्यालयमा गैरसरकारी संस्थाको सहयोगले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव नामक यस शोधकार्यमा सामुदायिक विद्यालयमा स्रोत र साधन कम भएका कारणले वि. व्य. स. लाई व्यवस्थापन गर्न कठिन भएको हुँदा गै. स.सं. हरूले आर्थिक तथा भौतिक सहयोग पुऱ्याइरहेको सन्दर्भमा उक्त सहयोगबाट विद्यालय व्यवस्थापनका कुन कुन पक्षमा सहयोग पुग्यो र के कस्तो सुधार भएको छ भन्ने कुरा पत्ता लगाउने प्रयत्न गरिएको हो ।

गै.स.सं.ले सामुदायिक विद्यालयमा गरेको आर्थिक तथा भौतिक सहयोग महŒवपूर्ण रहेको छ । थप कक्षा कोठा, फर्निचर, शौचालय, कम्पाउन्डवाल, विज्ञान प्रयोगशाला, आदि

जस्ता भौतिक पूर्वाधारको विकास गर्न गै.स.सं.ले आर्थिक तथा भौतिक सहयोग पुर्‍याएको छ । जसले विद्यालयको भौतिक सुविधामा वृद्धि भएको पाइएको छ । विज्ञान सामग्री, सन्दर्भ सामग्री, खेलकुल सामग्री, पाठ्यपुस्तक, छात्रवृत्ति आदि जस्ता क्षेत्रमा पनि सहयोग पुर्‍याएकाले शैक्षिक व्यवस्थापनमा पनि सहयोग पुर्‍याएको छ । जसले शैक्षिक गुणस्तर सुधारमा टेवा पुगेको छ । सहयोग कार्यक्रम सञ्चालनबाट विद्यालय प्रशासन र वि.व्य.स. मा योजना निर्माण गर्ने, विकल्पको छनोट गर्ने, बजेट बनाउने, पारदर्शिता, इमानदारिता, नियमितता, सहभागिता, समन्वय गर्ने आवश्यकताको सही पहिचान गर्ने, स्रोत र साधनको परिचालन गर्ने, अीद जस्ता व्यवस्थापकीय सीप तथा क्षमतामा सुधार आएको पाइएको छ ।

व्यवस्थापकीय सीप र क्षमतामा कमी, गै.स.सं.मा पारदर्शिता नहुनु, नियमितता, इमानदारिता, जवाफदेहिता, कमी हुनु, सरकारी नीति तथा कार्यक्रम दोषपूर्ण हुनु, राजनैतिक प्रभाव बढी हुनु, आवश्यकताको सही पहिचान हुन नसक्नु, स्रोत र साधन कमी हुनु, समुदायको चासोमा कमी हुनु, सामाजिक चेतनामा कमी आदि जस्ता समस्याहरू देखिएको छन् ।

## ५. ३. सुझाव

गै.स.सं.को सहयोगले सामुदायिक विद्यालय व्यवस्थापनमा पारेको प्रभाव नामक यस शोधकार्यमा अन्तर्वाता, अवलोकन, छलफल तथा अन्तर्क्रियाबाट प्राप्त तथ्य तथा तथ्याङ्कको विश्लेषण र निष्कर्षबाट गै.स.सं.को सहयोग प्रक्रिया, विद्यालयको व्यवस्थापन क्षमता, समुदायको चासो, सरकारी निकायको भूमिका आदि पक्षमा केही समस्याहरू पनि देखिएको छन् ती छलफल, अन्तर्क्रिया, अन्तर्वाता आदिका आधारमा ती समस्याहरूको समाधानका लागि निम्न लिखित सुझावहरू प्रस्तुत गरिएको छ ।

गै.स.सं.को सहयोगले विद्यालयको व्यवस्थापन पक्षमा भौतिक सुविधा, शैक्षिक सुविधा आदिमा वृद्धि र व्यवस्थापन समिति तथा विद्यालय व्यवस्थापनमा व्यवस्थापकीय सीप तथा क्षमतामा सुधार हुँदै आएको पाइएको छ तर पनि शोधकार्यका सिलसिलामा केही समस्याहरू देखिन आएका छन् । तिनलाई निम्नअनुसार सुझावका रुपमा प्रस्तुत गरिएको छ ।

### ५.३.१ विद्यालय व्यवस्थापन पक्षसँग सम्बन्धित सुझाव

विद्यालयका हरेक क्रियाकलापमा सहभागिता, पारदर्शिता, इमानदारिता, नियमितता र जवाफदेहिता कायम गरिनु पर्दछ । यथार्थ, वस्तुगत र वास्तविक समस्या पहिचान गरेर ती समस्याहरू समाधानका लागि कार्यान्वयन गर्न सकिने योजना निर्माण गरी कार्य सञ्चालन गर्नु पर्दछ । विद्यालय र समुदायबीच सम्बन्ध सुधार गरी समुदायको चासो बढाउनका लागि विद्यालय समुदायबीच समयसममा छलफल, अन्तर्क्रिया, अभिभावक भेला जस्ता कार्यक्रममा नियमितता दिनु पर्दछ । दातृ निकायलाई विद्यालयका यथार्थ समस्या तथा आवश्यकताका बारेमा जानकारी गराउने कार्य पर्याप्त दिनु पर्दछ । आन्तरिक स्रोतको पहिचान गर्न र जुटाउने कार्यमा पर्याप्त ध्यान दिनु पर्दछ ।

दातृ निकायहरूको सहयोगलाई सही सदुपयोग गरी उनीहरूका सहयोगको कदर तथा सम्मान समेत गर्नुपर्दछ । विभिन्न व्यवस्थापकीय सीप र क्षमताको विकासका लागि तालिम गोष्ठी, सेमिनार, अन्तर्क्रियामा सहभागिता बढाउनु पर्दछ । शैक्षिक गुणस्तर उकास्नका लागि यथार्थ समस्या पहिचान गरेर सो का उपायको खोजी गरी उपयुक्त कार्य योजना मार्फत दातृ निकायसँग सहयोग माग गर्नु सक्नु पर्दछ । विद्यालयका भौतिक तथा शैक्षिक सम्पत्तिको सुरक्षा तथा संरक्षणका लागि समुदायको चेतना अभिवृद्धि गर्ने तथा विद्यालयका तर्फबाट प्रयाप्त संरक्षण प्रयास गरिनु पर्दछ । विद्यालयको अभिलेख व्यवस्थापन तथा सूचना प्रणालीलाई व्यवस्थित तथा प्रभावकारी बनाउनु पर्दछ । विद्यालयमा शिक्षक, विद्यार्थी तथा वि. व्य. स. को अनुशासन कायम गर्न प्रयत्नरत रहनु पर्दछ । कार्यक्रम कार्यान्वयन पश्चात समिक्षा गर्ने, मूल्याङ्कन गर्ने जस्ता कार्य गर्दै पुरस्कार तथा दण्ड दिने परिपाटीको विकास गर्नु पर्दछ ।

## ५.३.२ दातृ निकायसँग सम्बन्धित सुझावहरू

सहयोग प्राप्त गर्ने विद्यालयको छनोटमा तथा सहयोग प्रक्रियामा पारदर्शिता, इमानदारिता गरिनु पर्दछ । सहयोग गरिने रकम र परिचालनमा समय सापेक्ष वृद्धि गरिनु पर्दछ । सहयोग कार्यक्रमका लागि प्राविधिक सेवाको राम्रो प्रवन्ध मिलाउनु पर्दछ । शैक्षिक गुणस्तर उकास्ने कार्यक्रमहरूमा लगानी बढाउन आवश्यक छ (पुस्तकालय, शैक्षिक सामग्री, विज्ञान प्रयोगशाला छात्रवृद्धि आदि) । व्यवस्थापकीय सीप र क्षमता, अभिवृद्धि गर्ने कार्यक्रममा पनि लगानी गर्न आवश्यक छ । आन्तरिक स्रोत ज्यादै कम भएका विद्यालयहरूलाई सहयोग रकममा विद्यालयको लागत सहभागितालाई कम गराउनु पर्दछ ।

समुदायको सहभागिता वृद्धि गर्नका लागि स्थानीय निकाय, शिक्षक अभिभावक संघ तथा अभिभावक र विद्यार्थीबीच सहयोग कार्यक्रमका बारेमा छलफल र अन्तरर्क्रियाका माध्यमबाट जानकारी गराउनु पर्दछ ।

### ५.२.३ सरकारी निकायसँग सम्बन्धित सुझावहरू

